कर्पोरेट Times
सबल अर्थतन्त्रको साझा विचार
Corporate Times Weekly
साप्ताहिक

❑ वर्षः २ ❑ अंकः ३ ❑ १८ साउन २०८२, आइतबार ❑ 03 August 2025, Sunday ❑ corporatetimes.com.np ❑ पृष्ठः ८ ❑ मुल्य रुः २०/-

### रानीजमरा-कुलरिया सिँचाइ आयोजना :

# सिँचाइ आयोजना अधुरो राखेर उत्पादन थालेको डेढ वर्षपछि प्रधानमन्त्रीद्वारा विद्युत् गृहको उद्घाटन

✍ निराजन परियार / कैलाली

प्रधानमन्त्री केपी शर्मा ओलीले मंगलबार कैलालीको चिसापानीस्थित रानी जमरा कुलरिया आयोजनाअन्तर्गत १४ हजार ३ सय हेक्टर सिँचाइ र जानकी गाउँपालिका-९ कटासेमा निर्मित ४.७१ मेगावाट क्षमताको जलविद्युत् गृह उद्घाटन गरेका छन् । दुई चरणमा सकिएको रानी जमरा कुलरिया सिँचाइ आयोजनाअन्तर्गत हालसम्म ३४ किलोमिटर मुख्य नहर, ३ सय ८१ वटा कल्भर्ट लगायत सानाठूला पुल निर्माण र २ सय ४५ किलोमिटर कृषि ग्रामीण सडकको स्तरोन्नति गरिएको छ। पानी बाँडफाँट गर्ने १ सय ८ रेगुलेटर, पानी वितरण गर्ने ७५ संरचना, कर्णाली नदीमा ८० किलोमिटर तटबन्ध निर्माण गरिएको आयोजनाका इन्जिनियर अनिश श्रेष्ठले जानकारी दिए। नहरबाट टीकापुर, लम्की चुहा र भजनी नगरपालिका, जानकी र जोशीपुर गाउँपालिकामा ६ हजार ४ सय ५१ हेक्टर जमिन नदी कटानबाट सुरक्षित गर्न तटबन्ध निर्माण गरिएको उनको भनाइ छ। कर्णाली नदीमा इन्टेक, बालुवा छान्ने सिडलिङ बेसिन निर्माण गरिएको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्कालगायत अधिकारीसहित कैलाली पुगेका प्रधानमन्त्री ओलीले जलविद्युत् गृह उद्घाटनका क्रममा चिसापानीस्थित कर्णाली नदीमा निर्मित इन्टेक र नहरको अनुगमन पनि गरेका छन् ।




आयोजनाका सूचना अधिकारी इन्जिनियर नवीन पौडेल मूल नहरमा प्रतिसेकेन्ड एक सय घन मिटर पानी प्रवाह भइरहेको छ । त्यही नहरबाट १४ हजार ३ सय हेक्टरमा सिँचाइ सुविधा उपलब्ध भएको छ । लम्की तर्फ मुख्य नहरका शाखा र उपशाखा नहर निर्माणका क्रममा छन् । तीबाट थप ६ हजार हेक्टरमा सिँचाइ सुविधा उपलब्ध हुनेछ । पथरैयादेखि कान्द्रासम्म विस्तार गरिने नहरबाट थप १८ हजार हेक्टरमा सिँचाइ सुविधा पुग्नेछ। कैलालीका २ लाख मानिसलाई सिँचाइलगायतका सुविधा उपलब्ध गराउने आयोजनाको प्रमुख लक्ष्य रहेको छ। जलविद्युत् गृह निर्माण पूरा भएर उद्घाटन गरिए पनि सिँचाइ आयोजना अधुरै छ। आयोजना ०८५/८६ भित्र सम्पन्न गरी ३८ हजार हेक्टरमा सुविधा उपलब्ध गराउने कार्य योजना छ।

**नदिका भँगालोमा नहरको पानी**


रानीजमरा आयोजनाले कैलालीको पूर्व दक्षिणी भाग, जानकी र टीकापुर नगरपालिकाका क्षेत्रमा भने कर्णाली नदीको पश्चिमी भँगालो बलचौर भएर बग्ने स-साना खोलामा नहरको ठुलो पनि बगाउने *(बाँकी पृष्ठ ४ मा)*

## सुक्खाग्रस्त मधेशमा तत्काल ५ सय डिप बोरिङ जोड्ने प्रधानमन्त्रीको घोषणा

महोत्तरी । प्रधानमन्त्री केपी शर्मा ओलीले तत्कालीन र दीर्घकालीन योजना बनाएर मधेशको सुक्खा संकटलाई समाधान गरिने घोषणा गरेका छन्। प्रधानमन्त्री ओलीले खानेपानी र सिँचाइको संकट झेलिरहेको मधेशमा तत्काल ५ सय डिप बोरिङ जडान गर्ने आश्वासन पनि उनले दिएका छन्। सुक्खाग्रस्त मधेश प्रदेशको शुक्रबार निरीक्षण गरेका प्रधानमन्त्री ओलीले सरकारका सबै निकाय तथा गैरसरकारी संस्थालाई सरकारको काममा साथ-सहयोग गर्न आग्रहसमेत गरे।

'सर्लाही र महोत्तरीमा रोपाइँ नभएका खाली जग्गाका फाँटहरू नजिकैबाट देखें,' उनले भने, 'मधेशमा रोपाइँ नै भएको छैन। खेत सुक्खा छ। पोखरीमा पानी सुकिसकेको छ।' उनले हेलिकोप्टरबाट मधेशका सुक्खा फाँट अवलोकन गरेका थिए। प्रधानमन्त्री ओलीले दीर्घकालीन योजनाअनुरूप चुरे क्षेत्रमा तालतलैया र पोखरी बनाएर पानी 'रिचार्ज' गरी जमिन सुक्न नदिइने पनि बताए। उनले पानी नहुँदा बालबच्चा कसरी पाल्ने भन्ने छटपटी भएको र एउटा किसान पनि *(बाँकी पृष्ठ ४ मा)*

## एमसीसीको काम नरोकिने जानकारी सहितको पत्र आयो: अर्थ मन्त्रालय




काठमाडौं। अर्थ मन्त्रालयले नेपालमा एमसीसी अन्तर्गतका परियोजना निरन्तर हुने जानकारी अमेरिकाले दिएको बताएको छ। सोमबार अर्थ मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै अमेरिकाबाट एमसीसीले जुलाई २४ मा पुनरावलोकन कार्य समाप्त भएको र नेपाल कम्प्याक्टको निरन्तरताका लागि सिफारिस भएको जानकारीसहितको पत्र पठाएको जानकारी गराएको हो। अर्थ मन्त्रालयका प्रवक्ता श्यामप्रसाद भण्डारीद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'अमेरिकी सहायता संस्था मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) को मिति २०८१/११/२२ गतेको पत्रानुसार नेपाल सरकार र उक्त निकायबिच संवत् २०७४ भदौ २९ मा सम्पन्न कम्प्याक्ट कार्यान्वयन अमेरिकी राष्ट्रपतिको जनवरी २०, २०२५ को कार्यकारी आदेशअनुसार पुनरावलोकनका लागि स्थगन भएकोमा एमसीसीको जुलाई २४, २०२५ को पत्रबाट उक्त पुनरावलोकन कार्य समाप्त भएको र नेपाल कम्प्याक्टको निरन्तरताका लागि सिफारिस भएको जानकारी प्राप्त भएको ब्यहोरा सरोकारवालालाई जनकारी गराइएको छ।'

अमेरिकी सहायता संस्था मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) को गत फागुन २२ गतेको पत्रअनुसार नेपाल सरकार र एमसीसीबिच २०७४ भदौ २९ मा सम्पन्न कम्प्याक्ट कार्यान्वयन अमेरिकी राष्ट्रपतिको जनवरी २०, २०२५ को कार्यकारी आदेशअनुसार पुनरावलोकनका लागि स्थगन भएको थियो। तर, गत बिहीबार एमसीसीले पठाएको पत्रमा पुनरावलोकन कार्य समाप्त भएको र नेपाल कम्प्याक्टको निरन्तरताका लागि सिफारिस भएको उल्लेख गरेको जानकारी दिएको छ।

## नाइमा नेपाल मोबिलिटी एक्स्पोको तयारी पूरा: ३५ नयाँ सवारीसाधन सार्वजनिक हुने




काठमाडौं। नेपाल अटोमोबाइल इम्पोर्टर्स एण्ड म्यानुफ्याक्चर्स एसोसिएसन (नाइमा)ले नेपाल मोबिलिटी एक्स्पो २०२५ को सबै तयारी पूरा भएको छ। आज पत्रकार सम्मेलन गर्दै नाइमाले सबै तयारी पूरा भएको जानकारी दिएको हो। सोल्टी होटलमा आयोजित पत्रकार सम्मेलनमा कार्यक्रमबारे विस्तृत जनकारी दिँदै अटो एक्स्पो समिति प्रमुख शिरीष कुमार मुरारकाले यसपटकको एक्स्पो राजधानीको केन्द्रमा रहेको भृकुटीमण्डप प्रदर्शनी स्थलमा आयोजना हुँदै गरेको र त्यहाँको भौतिक पूर्वाधारमा गरिएको सुधार - विशेषतः जल निकासी, अपाङ्ग मैत्री पूर्वाधार जस्ता व्यवस्था- उल्लेखनीय रहेको बताए।

उनले यसपालि नयाँ प्रविधि र मोडलहरू सार्वजनिक हुने, विद्युतीय सवारी साधनदेखि नवीनतम मोबिलिटी समाधानहरू प्रदर्शनीमा राखिने जानकारी पनि दिए। प्रदर्शनीमा १५ वटा दुई पांग्रे, १५ वटा चार पांग्रे र ५ वटा कमर्सियल गाडीहरु सार्वजनिक हुने उनले जानकारी दिए। त्यसपश्चात् मुख्य प्रायोजक संस्थाहरू एभरेष्ट बैंक लिमिटेडका सहायक *(बाँकी पृष्ठ ४ मा)*

**कर्पोरेट टाइम्स साप्ताहिकका लागि**

प्रधान-सम्पादक/प्रकाशकः चेत नारायण पाण्डेय
Editor-In CheifPublisher: Chet narayan Pandey

सम्पादकः गोविन्द देवकोटा
Editor: Govinda Devkota

सह-सम्पादकः दिपक पौडेल
Co-Editor: Dipak Poudel

व्यवस्थापकः राजन न्यौपाने
Manager: Rajan Neupane

संवाददाताः जेपी लम्साल, नरेन्द्र चालिसे, ध्रमेन्द्र पाण्डे, प्रविण रिजाल, निराजन परियार, डिल्ली शाही

लेआउटः कर्पोरेट टाइम्स डेस्क

मुद्रणः सप्तर्षि पब्लिकेशन प्रा. लि, चावहिल

कार्यालयः जोरपाटी, काठमाडौं ।
शाखा कार्यालयः ठमेल, काठमाडौं ।
फोनः ९७०६२४७४००
इमेलः corporatetimes0@gmail.com

# दलका झोले बनेका कर्मचारीलाई सपार्ने ४ उपाय


हरि भट्टराई

कुनै पनि राष्ट्रको प्रगति वा पतनको मूल जिम्मेवारी नीति निर्माणकर्ताको हुन्छ। अर्थात्, प्रधानमन्त्री, मन्त्री, सांसद र दल। कर्मचारीहरू नीति कार्यान्वयन गर्ने औजार हुन्, स्रोत होइनन्। जब नीति स्पष्ट हुँदैन, प्राथमिकता स्वार्थपूर्ति र भागबन्डामा केन्द्रित हुन्छ, कर्मचारीलाई राजनीतिक आदेशमा हिँडाउन खोजिन्छ, तब कर्मचारी चाहेर पनि प्रभावकारी बन्न सक्दैनन्।नेपालमा राज्यको मूल लक्ष्य नागरिकको सेवा, सुशासन र जवाफदेहिताको सुनिश्चितता हो भन्ने भनाइ अब केवल नारामा सीमित भइरहेको देखिन्छ। यसको प्रमुख कारण भनेको राज्यका अवयवहरू सरकारी कर्मचारी, शिक्षक, न्यायाधीश, वकिल, सुरक्षाकर्मी दलको झोले बनाइनु हो। कर्मचारीहरू जनताको सेवक हुन् भन्ने मान्यता राजनीतिक दलहरूको व्यवहारमा अन्त्य भइसकेको छ। उनीहरू राज्यका अंगहरू होइन, दलका कार्यकर्ताझैं प्रयोग भइरहेका छन्। यो केवल प्रशासनिक संरचना बिगार्ने मामुली गल्ती होइन, यो राजनीतिक नियतजस्तै देखिने गम्भीर अस्वस्थता हो, जसले राष्ट्रको मेरुदण्ड नै कमजोर बनाइरहेको छ।

दलीयकरणको प्रारम्भ र विस्तार

२०४६ सालको परिवर्तनपछि नेपालको कर्मचारीतन्त्रमा ट्रेड युनियनको अभ्यास सुरु भयो। सुरुवातमा कर्मचारी हितको पक्षमा भन्ने आशाले यसलाई स्वागत गरियो। तर, केही समयमै ट्रेड युनियनहरू राजनीतिक दलको विस्तार शाखा बने। आज मन्त्रालयदेखि विद्यालयदेखि अदालत र अस्पतालसम्मै दलका झोलेहरू नियुक्त हुन्छन्। सरुवा हुन्छन् र पदोन्नति पाउँछन्– सक्षम भएर होइन, 'पार्टीको लाइन' समातेर। जब कर्मचारी तटस्थ रहने, नीति कार्यान्वयन गर्ने, नागरिकको सेवा गर्ने भूमिकामा नबसी दल विशेषको ' लाइन' मिलाउने खेलमा लाग्छ, तब केवल निष्पक्षता मात्र गुम्दैन, भ्रष्टाचारसमेत संस्थागत हुन्छ। एउटै कार्यालयभित्र एउटै पदमा कार्यरत कर्मचारीहरू फरक व्यवहार भोगिरहेका छन्। कोही नेताको फोनबाट गएका छन्, कोही योग्यता र प्रतिस्पर्धाबाट।

**ट्रेड युनियनः अधिकारको ढोका कि भ्रष्टाचारको ढाल?**

ट्रेड युनियन मूलतः श्रमिक अधिकारको लागि संघर्ष गर्ने संस्था हो। तर, नेपालमा तिनै युनियनहरू नेता पाल्ने थलो भएका छन्। शिक्षक संगठन, निजामती कर्मचारी संघ, वकिल संगठन सबैमा राजनीतिक भागबन्डा स्पष्ट देखिन्छ। सरकार परिवर्तन भएलगत्तै युनियन नेतृत्व, कार्यालय प्रमुख र विभागीय पदाधिकारी फेरिनु सामान्य भयो। यो प्रवृत्तिले सन्देश दिन्छ– कानुनभन्दा पनि पार्टी शक्तिशाली छ। राज्यले नीति, योजना र विकासको एजेन्डा अगाडि बढाउँदा पनि कर्मचारी संयन्त्रले त्यो बोकेको छैन। उसले दलको एजेन्डा बोकेको छ। त्यसैले सरकार योजना ल्याउँछ तर कार्यान्वयनमा दलगत लचकता र सत्तासँग मिल्ने मात्र लाभान्वित हुन्छन्।

**न्यायपालिकासमेत अछुतो छैन**

विडम्बनासाथ भन्नुपरेको छ कि यहाँ न्यायपालिकाजस्तो संवेदनशील संस्था पनि 'झोलेकरण'बाट अछुतो छैन। वकिलहरू बार निर्वाचनमा राजनीतिक गठबन्धन गरेर भिडिरहेका छन्। न्यायाधीश नियुक्तिमा दल विशेषको सिफारिस निर्णायक बनेको छ।

तिनै सिफारिसबाट आएका न्यायाधीशहरू राजनीतिक नेताको फोनमा फैसला मोड्ने गरेका समाचार र बजार चर्चा सामान्य चियागफका विषय बन्न थालेका छन्। त्यसैले अब प्रश्न उठ्न थालेको छ, न्याय 'सम्वेदनशील' छ कि 'समर्पित'?

**दलको संरक्षण, भ्रष्टाचारको प्रसारण**

दलले संरक्षण गरेको कर्मचारी, शिक्षक वा न्यायाधीशप्रति कुनै कारबाही हुँदैन। बरु उसैलाई पुरस्कृत गरिन्छ। यसरी कमजोर, अयोग्य र भ्रष्टलाई संरक्षित गर्दा असल र इमानदार कर्मचारी हतोत्साहित हुन्छ। अन्ततः सम्पूर्ण संयन्त्र नै मूल्यहीन, निष्क्रिय र अविश्वसनीय बन्छ।

**यही हो– झोलेकरणको दीर्घकालीन र दीर्घपीडादायी परिणाम समाधान के हो?**

राजनीतिक तटस्थताको स्पष्ट र कानुनी ग्यारेन्टीः निजामती सेवा ऐन तथा शिक्षक सेवा ऐनमा स्पष्ट रूपमा राजनीतिक गतिविधिमा संलग्न हुने कर्मचारीमाथि कडा कारबाहीको व्यवस्था हुनुपर्छ। ट्रेड युनियनलाई गैरदलीय बनाउने अभियानः कर्मचारी ट्रेड युनियनहरू स्वतन्त्र रहनुपर्छ, न कि कुनै दलको छाया सरकार। त्यसको लागि निर्वाचन प्रणालीदेखि सदस्यता नियमसम्म पुनरवलोकन गरिनुपर्छ। राजनीतिक हस्तक्षेपमाथि निगरानी संयन्त्रः हरेक सरुवा, बढुवा, नियुक्ति र पुरस्कारमा स्वतन्त्र निरीक्षण समिति वा लोक सेवा आयोगको भूमिका मजबुत पार्नुपर्छ। जनउत्तरदायीपन र नागरिक दबाबः दलहरूको आचरण बदल्ने सबैभन्दा बलियो शक्ति भनेको नागरिक चेतना हो। जब नागरिकले झोलेकरणको विरोधमा आवाज उठाउँछन्, तब मात्र नेताहरू सोच्न बाध्य हुन्छन्।

राजनीतिक दलहरूले यदि साँच्चै सुशासनमा विश्वास गर्छन् भने उनीहरूको पहिलो कदम कर्मचारी संयन्त्रलाई दलीय प्रभावबाट मुक्त गर्ने हुनुपर्छ। त्यसपछि मात्र हामी समृद्धि, सेवा र न्यायको बाटोमा हिँड्न सक्छौं। नत्र भने दलको झोला बोकेका कर्मचारीहरूले बोकेको बोझ राष्ट्रले पुस्तौँसम्म बेहोर्नुपर्नेछ। देश नबन्नुमा केवल कर्मचारी दोषी छैनन्। वास्तवमा, उनीहरूलाई झोले बनाउने, सत्ताको औजार बनाउने, र निर्णय क्षमतामाथि दलको लगाम लगाउने नेताहरूको प्रवृत्ति नै प्रमुख दोषी हो। तसर्थ, प्रधानमन्त्री, मन्त्री र दलका नेताहरू आफैँले आत्मसमीक्षा गर्नुपर्छ– 'देश किन बनेन?' भन्दा पहिले ' हामीले कर्मचारीलाई देश बनाउन दिन्छौं त?' भन्ने प्रश्नको उत्तर खोज्न। *(नेपालखबरबाट)*

## सम्पादकीय

# विपद्पछि मात्रै जाग्ने प्रवृत्तिको मूल्य चुकाउँदै नेपाल

*प्राकृतिक विपद् एक सार्वभौम सत्य हो। तर विपद् आउनु स्वाभाविक हो भने त्यसको पूर्व तयारी नहुनु र हरेक वर्ष उस्तै ढंगले जनधनको क्षति व्यहोर्नु गम्भीर लापरबाही हो। नेपालको सन्दर्भमा यिनै लापरबाहीहरू नियतजस्तो दोहोरिने प्रवृत्तिमा बदलिएका छन्। विपद् आउँछ, तब मात्र हामी ब्युँझिन्छौं, अनि सुरु हुन्छ हेलिकप्टर निरीक्षण, राहत घोषणा र राजनीतिक दौडधुप। यसरी विपद्पछि मात्रै जाग्ने सरकारी र सामाजिक प्रवृत्तिको मूल्य हरेक वर्ष नेपाली जनताले ज्यान, सम्पत्ति र अवसर गुमाएर चुकाइरहेका छन्। पूर्व तयारीको अभाव र योजनाको कार्यान्वयनमा रहेको शिथिलता अब केवल कमजोरीको विषय होइन, जिम्मेवारी विहीनताको गम्भीर संकेत बन्न पुगेको छ।*

*सिन्धुपाल्चोकमा २०७८ सालमा आएको बाढीले मानव क्षतिसँगै मेलम्ची खानेपानी आयोजना लगायतका ठुला पूर्वाधारमा गम्भीर क्षति पुऱ्यायो। त्यसको पाठ हामीले लिएका छैनौँ भन्ने कुरा त्यसपछि पनि देखिँदै गयो। २०८० सालको मनसुनमा धादिङको पहिरोमा परेर ३५ जना यात्रुले ज्यान गुमाए । यस घटनाले पहाडी क्षेत्रको भौगोलिक संवेदनशीलता, डोजर प्रवृत्तिको असर र पूर्व सावधानीको चरम अभाव उजागर गऱ्यो। अनियन्त्रित सडक निर्माण, बिना वैज्ञानिक मूल्याङ्कन गरिएका संरचना, र कमजोर चेतावनी प्रणालीले त्यो दुर्घटनालाई अनिवार्य जस्तै बनाइदियो। त्यसै गरी, गत वर्ष असोज १२ गतेको भीषण वर्षाले गर्दा काभ्रे र सिन्धुली जिल्लामा रोशी खोलामा आएको बाढीले ठुलो क्षति पुऱ्यायो। विशेष गरी तिनै जिल्लाका ग्रामीण भेगमा पानीको बहाव बेकाबु भएर घर, खेत, पशुपालन, र जनजीवनमा व्यापक असर परेको थियो। यातायात मार्गहरू अवरुद्ध भए, धेरै किसानहरूको अन्नबाली नष्ट भयो, र स्थानीय मानिसहरू भयभीत भए। तर यस्ता खतराहरूको पूर्व सूचना र सुरक्षित व्यवस्थापनमा कमीका कारण मात्रै होइन, त्यस्ता विपद्लाई समयमै न्यूनीकरण गर्ने दीर्घकालीन नीति अभावकै परिणाम स्वरूप यस्ता घटना दोहोरिरहेका छन्।*

*यसै गरी, हालै मात्रै भोटेकोशीमा आएको बढीले रसुवा जिल्लामा पर्ने नेपाल चिन सीमाको मितेरी पुल मात्रै बगाएन बरु हामीले खोलामा पर्खाल लगाएर उठाएको सुख्खा बन्दरगाह समेत बगायो । यी नाकाहरू केवल व्यापारिक प्रवेशद्वार मात्र होइनन्, रणनीतिक सन्तुलनका दृष्टिले समेत अत्यन्त महत्त्वपूर्ण छन्। तर, त्यहाँ पूर्व तयारी वा संरचनागत सुरक्षा सुनिश्चित गरिएको थिएन। यसले देखाउँछ, विपद् पूर्व तयारीलाई नेपालमा अझै पनि प्राथमिकता दिइँदैन। विपद्पछि देखिने सरकारी चासो पनि यस्तै प्रतिक्रियात्मक र क्षणिक खालको हुन्छ। विपद् भएको केही घण्टा वा दिनभित्रै मन्त्रीहरू स्थल निरीक्षणमा जान्छन्, राहत घोषणा हुन्छ, केही दिन राहत वितरणको भीड लाग्छ, अनि घटना मिडियाबाटै हराउँछ। तर दीर्घकालीन पूर्व तयारी, संरचना निर्माणमा सुधार, वा जोखिम न्यूनीकरणको स्थायी कार्यान्वयनमा सरकारी इच्छाशक्ति देखिँदैन। विपद् व्यवस्थापन संस्था, स्थानीय सरकार वा गृह मन्त्रालय बिचको समन्वय पनि प्रस्ट छैन। सहर र गाउँ दुवैतर्फ नियमनको कमी र अनियोजित संरचनाले समस्यालाई अझ जटिल बनाइरहेका छन्। नक्सा पास नगरी बनाइएका घर, खोला-नाला अतिक्रमण, र अवैज्ञानिक निर्माणका कारण बाढीको जोखिम बढ्दो छ। काठमाडौं उपत्यकामा केही घण्टाको वर्षा नै सडकलाई नदी बनाइदिन्छ, जुन अब सामान्य भइसकेको छ। खोलाको बहाव मार्गमा गरिने प्लटिङ, ढल र वर्षा पानी छुट्याउने संरचनाको अभाव, अनि सहरी योजनाको चरम लापरबाहीले बाढीलाई आफैँ निम्त्याएको जस्तो देखिन्छ।*

*नागरिक स्तरमा पनि अझै विपद्प्रतिको गम्भीरता र आत्म तयारीको भावना विकास भएको देखिँदैन। सरकारी चेतावनीप्रति ध्यान नदिने, खतराको संकेत हुँदा पनि स्थान नछोड्ने प्रवृत्ति अझै विद्यमान छ। यसले उद्धार कार्यलाई मात्र होइन, जनधनको क्षतिलाई समेत थप गम्भीर बनाइदिन्छ। अब समय आएको छ–विपद्पछि मात्रै होइन, विपद् आउनु अघि नै प्रणालीगत चेतना र तयारी गरिनुपर्छ। नीति निर्माणमा वातावरणीय सन्तुलन र जोखिम मूल्याङ्कनलाई जोड दिनु, स्थानीय पूर्व तयारीमा लगानी बढाउनु, र नागरिक सहभागितालाई सशक्त बनाउनु आजको आवश्यकता हो। हामीले धादिङ, रसुवा, काभ्रे, सिन्धुली र सिन्धुपाल्चोकजस्ता उदाहरणहरूबाट पाठ नसिक्ने हो भने आगामी विपद् अझ धेरै गम्भीर र क्षतिकर बन्नेछ। विपद् नियन्त्रण गर्न सकिन्न, तर यसको असर न्यूनीकरण गर्न सकिन्छ। यदि समयमै चेतना, योजना र कार्यान्वयनमा सक्रियता देखाइयो भने। नत्र हामी हरेक वर्ष उही चक्रमा अल्झिरहनेछौं–पहिले बेवास्ता, पछि पछुतो।*

# अर्थतन्त्रको मेरुदण्ड: उद्योगबिना सम्भव छैन

**–रमेश कुमार बोहोरा**

आज नेपालले भोगिरहेको प्रमुख चुनौतीमध्ये रोजगारी अभाव सबैभन्दा गहिरो समस्या बनिसकेको छ । प्रत्येक वर्ष हजारौं युवा शक्ति बिदेसिने क्रम बढ्दो छ तर त्यसको मूल कारणमा सरकारको योजनाविहीन नीति, उद्योगविहीन आर्थिक ढाँचा र स्थानीय रोजगारी सिर्जनाको प्रति उदासीनता स्पष्ट देखिन्छ । नेपालजस्तो कृषिप्रधान देशमा समेत उत्पादनमूलक उद्योगहरू स्थापनामा राज्यको कमजोरी देखिएको छ । विगत दुई दशकको तथ्यांक हेर्दा स्पष्ट हुन्छ सरकारले उद्योगलाई प्राथमिकता दिएको छैन र यही कारणले देशको समग्र विकास र आर्थिक आत्मनिर्भरता सपनाजस्तै बनेको छ ।

वास्तविकता के हो भने हाम्रो देश नेपालमा रोजगारीको पर्याय बनेको छ वैदेशिक श्रम बेरोजगारीको यस्तो भयानक अवस्थाबाट देश गुज्रिरहेका बेला सरकारले यसको समाधान खोज्ने गम्भीर प्रयास गरेको देखिँदैन । सन् २०२५ को प्रारम्भसम्म आएको उद्योग विभागको विवरणअनुसार बागमती प्रदेशमा मात्रै करिब ४९३ उद्योग दर्ता भएका छन् तर अन्य प्रदेशहरूमा त्यसको तुलनामा अत्यन्तै न्यून संख्या छ कोसी, मधेस र गण्डकी प्रदेशमा मात्र १९-१९ लुम्बिनीमा २५ र सुदूरपश्चिममा जम्मा ६ उद्योग दर्ता भएका छन् । यस्तो तथ्यांकले स्पष्ट देखाउँछ कि सरकारको ध्यान समान क्षेत्रीय विकासमा छैन । उद्योग स्थापनामा राज्यको राजनीतिक इच्छाशक्ति नहुँदा देश आन्तरिक रोजगारी सिर्जनाबाट टाढिँदै गएको छ ।

नेपालका अधिकांश उद्योगहरू राजधानी केन्द्रित छन् । त्यसमा पनि उत्पादन होइन आयातमा आधारित थोक डिलरहरू, प्याकेजिङ उद्योग वा परिष्कृत वस्तुका सीमित कारोबार मात्रै छन् । बाँकी क्षेत्रहरूमा चाहिँ उद्योगको नाममा काम चलाऊ प्रयास मात्रै छन् । सरकारले "स्वदेशमै रोजगारी सिर्जना गर्ने" भनेर बारम्बार घोषणा गर्ने गरे पनि त्यसको कार्यान्वयनमा शून्यता देखिन्छ । उदाहरणका लागि नेपालमै एक दशकभन्दा बढी समयदेखि घोषणा गरिएको मल कारखानाको योजना अहिलेसम्म कार्यान्वयनमा आएको छैन । किसानहरू बर्सेनि मलको अभावमा सास्ती भोगिरहेका छन् तर सरकारले भने उही आश्वासन दोहोऱ्याउने काम मात्र गर्दै आएको छ ।

हाम्रो कृषिप्रधान देशमा उद्योगको विकासले अर्थतन्त्रलाई मात्र होइन रोजगारी सृजनालाई समेत बल पुऱ्याउँछ । चामल, तोरी, गहुँ, सुर्ती, तरकारी, फलफूल यी सबैका उद्योगहरू निर्माण गर्न सकिने देशको क्षमता हुँदाहुँदै पनि त्यसमा लगानी र नीतिगत प्रोत्साहनको खडेरी देखिन्छ । कृषिमा आधारित उद्योग स्थापना गरेर स्थानीय कच्चा पदार्थलाई प्रयोग गर्दै उत्पादनमा रूपान्तरण गर्ने रणनीति अपनाइएको भए हामीले करोडौँ रकम खर्च गरेर छिमेकी राष्ट्र भारत र चीनजस्ता मुलुकबाट आयात गर्नुपर्ने अवस्था रहने थिएन । सरकारी नेतृत्वले अझै पनि उत्पादनभन्दा आयातमुखी आर्थिक ढाँचालाई निरन्तरता दिएको छ ।

अर्को पक्षमा हेर्दा सरकारी तन्त्रको ढिलासुस्ती र कर नीति उद्योगहरूका लागि बाधक बनेको छ । हाल सञ्चालनमा रहेका उद्योगहरूले स्थानीय, प्रदेश र संघ तीन वटै सरकारबाट कर तिर्नुपर्ने स्थिति रहेको छ जसले उद्योगीहरूलाई झनै हतोत्साहित बनाएको छ । स्पष्ट कर नीति अभाव, झन्झटिलो प्रक्रिया, अनावश्यक जाँच पास प्रणाली, आयात निर्यातको पेचिलो अनुमति प्रक्रिया यी सबैले औद्योगिक वातावरणलाई असहज बनाएको छ । उद्योगको वृद्धिमा सघाउने राज्य नीतिहरू अझै पनि अस्पष्ट छन् ।

अहिले नेपालमा उत्पादन हुने मुख्य वस्तुहरू चिनी, चामल, इँटा, सिमेन्ट, चप्पल, जुटका सामान प्रति बजारमा माग छ तर ती उद्योगको उत्पादन क्षमतामा गिरावट आएको देखिन्छ । यो गिरावटको मूल कारण भनेकै कच्चा पदार्थको आयातमा निर्भरता, ऊर्जा संकट, पूर्वाधार अभाव र बजार व्यवस्थापनको कमजोरी हो । खास गरी ऊर्जा संकट नेपालका अधिकांश उद्योगको मर्ममा परेको चोट हो । नियमित विद्युत् आपूर्ति नभएको, सौर्य तथा वैकल्पिक ऊर्जा प्रवर्द्धनमा सरकार गम्भीर नदेखिएको र पूर्वाधार (सडक, यातायात, भन्सार सहजता) को अभावले उद्योगहरू धराशायी बन्दै गएका छन् ।

नेपाल सरकारले औद्योगिक व्यवसाय ऐन २०७६ लागू गरेको भए पनि त्यसको प्रभावकारी कार्यान्वयन नगर्दा यसको प्रभाव सीमित बनेको छ । उद्योगमैत्री वातावरण निर्माण गर्ने भनिएको कानुनलाई व्यावहारिक जीवनमा रूपान्तरण गर्न सरकार असफल देखिएको छ । ऐन बनाउनु मात्र पर्याप्त होइन त्यसको कार्यान्वयन इच्छाशक्ति, प्रशासनिक दक्षता र लगानीमैत्री संरचना आवश्यक पर्छ । विडम्बना हाम्रो देश नेपालमा नीति बनाउने र त्यसलाई लत्त्याउने परम्परा नै विकास भएको देखिन्छ ।

यसै सन्दर्भमा एक महत्त्वपूर्ण प्रश्न उठ्छ के सरकार वास्तवमै उद्योगको विकास चाहन्छ ? यदि चाहन्छ भने किन प्रत्येक वर्ष सरकारले आफ्नो नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उद्योग स्थापना सम्बन्धी लक्ष्य तोक्दैन ? किन प्रदेशस्तरीय पूर्वाधार योजनाहरूमा उत्पादनमूलक क्षेत्रलाई प्राथमिकता दिइँदैन ? किन ऋण लिन चाहने साना उद्योगीहरू साखमा समस्या भएर बिचौलियाको सहारामा जानुपर्ने स्थिति आउँछ ? यी प्रश्नहरू सरकारी गम्भीरताको परीक्षण गर्ने कसौटी हुन् । दुर्भाग्यवश यी प्रश्नहरूको उत्तर पत्तो छैन ।

उद्योगको विकाससँगै राज्यले कृषि, सेवा, पर्यटन, ऊर्जा र पूर्वाधारमा समेत गुणात्मक सुधार ल्याउन सक्छ । उदाहरणका लागि साना किसानहरूलाई उत्पादनपछि उत्पादित वस्तु बिक्रीका लागि बजार र मूल्य सुनिश्चित गर्न सक्ने औद्योगिक संयन्त्र बनाइयो भने कृषिमा युवाको आकर्षण बढ्न सक्छ । आज लाखौं रोपनी जमिन बाँझो छ किनभने किसानलाई न मल छ न औजार न प्रविधि न त मूल्यको निश्चितता त्यसमा आधारित कृषिजन्य उद्योग नहुनु कृषि क्षेत्रको अवमूल्यनको मूल कारण हो ।

नेपालमा श्रमको सम्मान गर्ने परिपाटी कमजोर रहेको तथ्य पनि स्वीकार गर्नपर्छ । यही मानसिकता प्रवृत्तिका कारण युवाहरूले कृषि, निर्माण, सेवा जस्ता क्षेत्रमा काम गर्न चाहँदैनन् । कामको आधारमा हैसियत तोक्ने सामाजिक दृष्टिकोणले उत्पादनमुखी श्रमको अवमूल्यन गरेको छ । पश्चिमी देशहरूमा जस्तो "सजिलो अप्ठ्यारो होइन काम काम हो" भन्ने भावना नेपालमा विकास हुन नसक्दा पनि उद्योगहरू जनशक्ति अभावले चल्न नसकेको अवस्था देखिन्छ ।यो समस्याको समाधान भनेको लामो अवधिको योजनाबद्ध दृष्टिकोणबाट आउन सक्छ । राज्यले प्रदेशगत रूपमा प्रत्येक वर्ष कम्तीमा एक ठुला उद्योग स्थापना गर्ने नीति लिने हो भने एक वर्षमा ७ वटा प्रमुख उद्योग स्थापना गर्न सकिन्छ । यस्ता उद्योगले सयौँ श्रमिकलाई प्रत्यक्ष रोजगारी दिनेछन् भने अप्रत्यक्ष रूपमा हजारौँलाई रोजगारी दिने छन् । उद्योगको विकासले व्यापार घाटा घटाउने मात्र होइन निर्यात प्रवर्द्धनमा समेत टेवा पुग्छ । आज नेपालमा २ खर्बभन्दा बढीको वार्षिक व्यापार घाटा रहेको छ । कृषि आधारित उद्योग स्थापना गरियो भने मात्रै यो घाटालाई न्यूनीकरण गर्न सकिन्छ ।

अर्को महत्तवपूर्ण पक्ष उद्योगमा लगानी गर्न चाहनेहरूका लागि वातावरण बनाउन सरकार पूर्ण रूपमा चुकिरहेको छ । लगानीमैत्री संरचना भनेको न त केवल नीतिमा उल्लेख हुनु हो न त बोर्ड गठन गर्नु मात्र हो त्यसको व्यवहारिक कार्यान्वयन हुनुपर्छ । उद्योगीले सहज ऋण पाउनुपर्छ, प्राविधिक सहयोग पाउनुपर्छ, कर छुट वा अनुदान पाउनुपर्छ । तर हाम्रो देश नेपालमा उद्योग स्थापना गर्न खोज्नेले पहिला डोजर किन्ने होइन भ्रष्टाचार हटाउने उपाय खोज्नुपर्छ भन्ने ठट्टा गर्नु पर्ने अवस्था छ । अन्ततः प्रश्न उठ्छ के नेपाल सरकार उद्योग स्थापना र विकासप्रति गम्भीर छ ? जवाफ अहिलेको अवस्थालाई हेर्दा छैन भन्नपर्छ । राजनीतिक अस्थिरता, स्पष्ट नीति अभाव, कार्यान्वयनमा कमजोरी, प्रशासनिक ढिलासुस्ती र भ्रष्टाचार यी सबै ले उद्योग स्थापनाको सपना अधुरै बनाइरहेका छन् । युवाहरू देशभित्र काम गर्न चाहन्छन् तर अवसर छैन उद्योग सञ्चालनमा रहेका समस्या समाधान नगरी नयाँ उद्योग स्थापना कसरी सम्भव होला ?

यदि राज्यले विकासमा साँच्चिकै चासो राख्ने हो भने पहिलो प्राथमिकता स्वरूप हरेक वर्ष एक ठुला उद्योग स्थापना गर्ने नीति लिई त्यसमा संसाधन केन्द्रित गर्नुपर्छ । त्यसका लागि प्राविधिक जनशक्ति उत्पादन, पूर्वाधार निर्माण, वैदेशिक लगानी भित्र्याउने वातावरण, श्रम सम्मान गर्ने शिक्षा र भ्रष्टाचार विरुद्धको कठोर नीति लागू गर्नुपर्छ । हाम्रो देश नेपालमा बेरोजगारी हटाउन, आर्थिक विकास गर्न, वैदेशिक रोजगार विस्थापन गर्न र व्यापार घाटा न्यूनीकरण गर्न चाहिने एउटै माध्यम हो उद्योगको विकास राज्यले ढिलासुस्ती, अनिश्चितता र आश्वासनको राजनीति बन्द गरेर योजनाबद्ध, प्रभावकारी, पारदर्शी र इमानदार कार्यशैलीमा प्रवेश गरे मात्र यो सम्भव छ । आज होइन भने भोलिको पुस्ताले राज्यको अकर्मण्यता झनै गम्भीर मूल्य चुकाउनुपर्नेछ । *(बोहोरा पत्रकार महासंघ काठमाडौ शाखाका सचिव हुन् । )*

## कर्णाली विकास बैंक घोटाला प्रकरण:

# ९४ करोड अपचलन गरेको पूर्वसिईओको स्वीकारोक्ति




✍ दिपक पौडेल / काठमाडौं

कर्णाली डेभलपमेन्ट बैंक पूर्वकार्यकारी अधिकृत (सिईओ) राजेन्द्र वीर रायले सञ्चालकसहित आफू मिलेर ९४ करोड रुपैयाँको अपचलन गरेको स्वीकार गरेका छन् । उनले अदालतमा दिएको बयानमा आफूसहित विभिन्न व्यक्तिले उक्त बैंकको रकम अपचलन गरेको स्वीकार गरेका हुन् । अपचलन गरिएको रकमको हरहिसाब गोप्य रुपमा राख्ने सर्तमा राजेन्द्र वीर रायले ३२ करोड रुपैयाँ, पशुपति दयाल मिश्रले १५ करोड, निरज विक्रम शाहले १५ करोड, दिनेशकुमार रावतले १५ करोड, बेदप्रकाश सिंह ठकुरीले १५ करोड र सुशील कुमार सार्की 'नेपाली' ले दुई करोड गरी जम्मा कुल नगद ९४ करोड रुपैयाँ अपचलन गरेको स्वीकार गरेका हुन् ।

उनीहरुले कर्णाली डेभलपमेण्ट बैंकले हिल्सा इन्भेष्टमेण्ट प्रालिलाई प्रवाह भएको १५ करोड रुपैयाँमा रायले १२ करोड र बाँकी तीन करोड रुपैयाँ दिनेशकुमार रावत र निरज विक्रम शाहले अपचलन गरेका हुन् । यसैगरी, राप्ती पोलिमर्स प्रालिलाई प्रवाह भएको १५ करोड रुपैयाँबाट पुर्व सिईओ रायले नै १२ करोड अपचलन गरेको स्वीकार गरेका छन् । बाँकी तीन करोड दिनेश कुमार रावत र निजको भिनाजु नाताको महेशजंग थापाले अपचलन गरेका उनले बयानमा बताएका छन् । यसैगरी, वेचनलाल भुजुवाको नाममा प्रवाह भएको ८० लाख रुपैयाँ कर्जा पूर्वसिईओ राय आफैले चलाएको बयान दिएका छन् ।

यसैगरी, बाँके केमिकल्स प्रालिलाई भनेर लगानी भएको १५ करोड रुपैयाँ कर्जा दिनेशकुमार रावतले ८ करोड र सिईओ रायले नै ७ करोड अपचलन गरेको बताएका छन् । यसैगरी, उक्त कम्पनी १५ करोडमा तिलक बिक र उनका समूहलाई बिक्री गरेकोमा दिनेशकुमार रावतको मिलेमतोमा ११ करोड ५० लाख मात्र कर्णाली बैंकमा तिरी बाँकी रकम ३ करोड ५० लाख तिलक विक र दिनेशकुमार रावतले चलाएका हुन् ।

तत्कालीन प्रमुख कार्यकारी अधिकृत निरज बिक्रम शाह र महादेव भन्ने वेद प्रकाश सिंह ठकुरीले कर्णाली डेभलपमेण्ट बैंकको अन्य बैंकमा रहेको मौज्दात भन्दा बढी रकम उल्लेख गरी बैंकको लेजरमा लेखेका हुन् । यसै गरी, अक्रा पुर्व सिईओ निरज विक्रम शाहले पनि यस बैंकबाट १२ करोड रुपैयाँ १२ करोड रुपैयाँ अपचलन गरेका छन् । दिनेश कुमार रावतले १० करोड रुपैयाँ महादेव भन्ने वेद प्रकाश सिंह ठकुरीले पाँच करोड, ओमप्रकाश मिश्रले ५ करोड, मान बहादुर चौधरीले २ करोड रुपैयाँ अपचलन गरेका पूर्वसिइओ रायले बयान दिएका छन् ।

यसैगरी, बैंकको कर्णाली डेभलपमेण्टको अन्य बैंकमा रहेको खाताहरुबाट रकम निकाली सो रकम बैंकमा नल्याई व्यक्तिगत रुपमा प्रयोग गर्ने गरेको पनि उनले खुलाएका छन् । सिष्टममा सो रकम अभिलेख नगर्ने, भल्टबाट निकालिएको पैसा नगदै लिने सो बापत खातामा पैसा नभएको डमी चेकहरु दिने सो कुरा सिष्टममा अभिलेख नगर्ने र अन्य बैंक खाताहरुमा जम्मा गर्न लगिएको रकम जम्मा नगरी आफुलाई चाहिएको बखत चलाउने तर बैंकको सिष्टममा रकम जम्मा गरिएको भनी जनाउने सर्तमा पनि अपचलन भएको उनको बयान छ ।

उक्त समयमा बैंकको हरहिसाब राख्ने काम लेखा शाखाका वेद प्रकाश सिंह ठकुरीले गर्ने गरेका थिए भनी सोको भेरिफिकेसन गर्ने काम तत्कालिक लेखा विभाग प्रमुख निरज विक्रम शाहले गर्ने गरेको रायको बयान छ । अपचलन लेजर मौज्दातमा बढी रकम उल्लेख गर्ने गरिएको थियो । सहमती बमोजिम अपचलन गरिएको रकमको हिसाब राख्ने काम पनि महादेव भन्ने वेद प्रकाश सिंह ठकुरीले गर्ने गरेको उनले बताए।

यसैगरी, बैंकलाई समय समयमा चाहिने व्यालेन्स सिट, हिसाब मिलान दिन जस्तै असार मसान्त, नेपाल राष्ट्र बैंकको निरीक्षण र लेखापरीक्षणको सिलसिलामा बिभिन्न बैंकमा रहेको खाताको हिसाब मिलान भएको देखाउने काम लेखा विभागको भएको हुँदा केन्द्रीय कार्यालयका लेखा शाखाका प्रमुख महादेव भन्ने वेद प्रकाश सिंह ठकुरी र तत्कालीन लेखा विभाग प्रमुख निरज विक्रम शाहलाई जिम्मेवारी दिएको हुँदा निजहरुले अपचलन भएको रकम लाई मिलाउनका लागि अन्य बैंकमा रहेको खाताको व्यालेन्स सिट किर्ते बनाउने गरेको उनको बयान छ ।

नेपाल राष्ट्र बैंक, आन्तरिक तथा बाह्य लेखा परीक्षकलाई चाहिने सबै डकुमेन्ट किर्ते गरी बनाई गुमराहमा पार्ने काम निरज विक्रम शाहले गर्ने गरेको रायले बयानमा बताएका छन् । वेद प्रकाश सिंह ठकुरीले राजिनामा दिए पश्चात किर्ते व्यालेन्स सिट बनाउने काम नायव कार्यकारी अधिकृत निरज विक्रम शाह र लेखा शाखा प्रमुख सौरभ खड्काले गर्ने गर्दथे । निरज विक्रम शाह प्रमुख कार्यकारी अधिकृत भए पश्चात सौरभ खड्का र निरज विक्रम शाहले गर्दथे ।

## नेपाल उद्योग परिसंघमा १९ वटा समिति गठन

काठमाडौं । नेपाल उद्योग परिसंघले क्षेत्रगत रुपमा काम गर्ने गरी विभिन्न १९ वटा समिति, काउन्सिल, फोरम गठन गरेको छ। परिसंघले गठन गरेको समितिहरुमा उद्योग समिति, राजश्व समिति, मेक इन नेपाल स्वदेशी समिति, ग्लोबल बिजनेस तथा डायस्पोरा समिति, पूर्वाधार समिति, बैंकिङ तथा फाइनान्स समिति, पर्यटन समिति, कृषि तथा म्याप समिति, प्रदेश तथा जिल्ला समन्वय समिति, सदस्यता समिति, उत्पत्तिको प्रमाणपत्र समिति, शिक्षा तथा सीप समिति, स्वास्थ्य परिषद् रहेका छन्।

यसैगरी रोजगारदाता परिषद, उर्जा विकास परिषद्, सूचना प्रविधि परिषद्, सीइओज् फोरम, महिला नेतृत्व फोरम, स्टार्टअप तथा युवा उद्यमी मञ्च गठन गरिएको छ। परिसंघले समितिहरुको सभापति तथा उपसभापतिहरुको चयन समेत गरेको छ। आइतबार परिसंघ सचिवालयमा आयोजित कार्यक्रममा परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेले गठित समिति, काउन्सिल तथा फोरमका सभापति तथा उपसभापतिहरुलाई मनोनयन पत्र प्रदान गरे। सो अवसरमा अध्यक्ष पाण्डेले सरकार एवं नियामक निकायहरुलाई स्पष्ट नीतिगत सुझाव दिन, उद्यमीहरुको प्रबर्द्धन गर्दै मुलुकको समग्र आर्थिक विकासका लागि समितिहरुले जिम्मेवारीपूर्वक काम गर्ने विश्वास व्यक्त गरे। समितिहरुको सहयोगमा परिसंघले आगामी दुई वर्ष प्रभावकारी रुपमा काम गर्ने उनले बताए।

उद्योग समिति सभापतिमा राहुल अग्रवाल र उपसभापतिमा गुरु अधिकारी, राजश्व समिति सभापतिमा गोपाल अग्रवाल, उपसभापतिमा दिपक कुमार अग्रवाल र शेषमणी दहाल, कृषि तथा म्याप समिति सभापतिमा हितेश गोल्छा, मेक इन नेपाल स्वदेशी समिति सभापतिमा प्राशी अग्रवाल, उपसभापतिमा विदूषी राणा, ग्लोबल बिजनेस तथा डायस्पोरा समिति सभापतिमा चन्द्र चण्डन र उपसभापतिमा वर्ण न्यौपाने, पूर्वाधार समिति सभापतिमा रामकृष्ण खतिवडा र उपसभापतिमा बसन्त चन्द, बैंकिङ तथा फाइनान्स समिति सभापतिमा वरुण कुमार तोदी, पर्यटन समिति सभापतिमा पम्फा धमला, उपसभापतिमा अशोक पोखरेल र रोमी अर्याल, प्रदेश तथा जिल्ला समन्वय समिति सभापतिमा लेखराज पोखरेल र उपसभापतिमा पवन कुमार शारडा, सदस्यता समिति सभापतिमा गौरव शारडा, उत्पत्तिको प्रमाणपत्र समिति सभापतिमा आकाश गोल्छा, शिक्षा तथा सीप समिति सभापतिमा आषिश जजोडिया, उपसभापतिमा यश अग्रवाल, स्वास्थ्य समिति सभापतिमा मनिष खेम्का, उपसभापतिमा आशिष अग्रवाल चयन भएका छन्।

यसैगरी रोजगारदाता परिषद् सभापतिमा ध्रुब रिजाल, उर्जा विकास परिषद् सभापतिमा आशिष गर्ग, उपसभापतिमा सन्जीव न्यौपाने, सूचना प्रविधि परिषद् सभापतिमा सन्जय गोल्छा, सीइओज् फोरम सभापति हरकिरत सिंह बेदी, महिला नेतृत्व फोरम सभापतिमा विदूषी राणा, उपसभापतिमा आश्रयता कार्की, स्टार्टअप तथा युवा उद्यमी मञ्च सभापतिमा अनुराग गोयल, उपसभापतिमा आशिष अग्रवाल चयन भएका छन्। सो कार्यक्रममा परिसंघका उपाध्यक्ष रोहित गुप्ता, गोकुल भण्डारी, पदाधिकारी सदस्य सन्दिप शारडा, प्राशी अग्रवाल, विदूषी राणा, महानिर्देशक डा. घनश्याम ओझालगायत सहभागी थिए।

## वैदेशिक रोजगार बोर्डको एक वर्षे उपलब्धि:

# १ हजार बढीको शव ढुवानी

काठमाडौ । वैदेशिक रोजगार बोर्डले गत आर्थिक वर्ष २०८१/०८२ को प्रगति प्रतिवेदन सार्वजनिक गरेको छ । बोर्डमा पत्रकार सम्मेलनको आयोजना गर्दै बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीले बोर्डले गरेका कामहरूबारे जानकारी दिएका हुन् । बोर्डले गत आर्थिक वर्षमा एक हजार १८० नेपालीको शव मृतकको घरसम्म ढुवानी गरेको हो ।




त्यस्तै एक हजार २५० जना मृतक कामदारका परिवारलाई आर्थिक सहायता प्रदान गरेको छ । त्यो बीचमा ६९८ जना अंगभङ्ग/विरामी कामदारलाई आर्थिक सहायता प्रदान गरेको छ भने २७५ जना कामदारका परिवारलाई स्वास्थ्य उपचारमा सहयोग गरेको छ । त्यस्तै तीन हजार ९९० जनालाई वैदशिक रोजगार सन्तती छात्रवृत्ति सहायता प्रदान गरेको छ । भने यो एक वर्षको अवधिमा ७० वटा अलपत्र परेको शव झिकाउने काम गरेको छ । भने एक जना अलपत्र कामदारको उद्धार गरेको छ । बोर्डले एक वर्षको अवधिमा वै देशिक रोजगारीमा जान चाहने १४ हजार ४५८ युवालाई सीपमूलक तालिम दिइएको छ । यसका साथै, श्रमाधान कल सेन्टरको सफल सञ्चालन, टेलिमेडिसिन सेवा, र विभिन्न सचेतनामूलक कार्यक्रमहरू पनि सम्पन्न भएको बोर्डले जनाएको छ ।

**आगामी आर्थिक वर्षका नयाँ कार्यक्रम**

चालु आर्थिक वर्ष २०८२/८३ का लागि बोर्डले पुराना कल्याणकारी तथा उद्धार कार्यक्रमलाई निरन्तरता दिँदै केही नयाँ कार्यक्रमहरू पनि अघि सारेको छ । कार्यकारी निर्देशक उप्रेतीले संघीय र प्रदेश सांसदहरूका लागि वैदेशिक रोजगारसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने बताए । त्यस्तै वैदेशिक रोजगारीबाट फर्केर सफल उद्यमी बनेकाहरूलाई सम्मान गर्न 'रिटर्नी उद्यमी आइडल' कार्यक्रम समेत सञ्चालन गर्नेछ ।

त्यस्तै वैदेशिक रोजगारका विषयमा कलम चलाउने पत्रकारहरूलाई पुरस्कृत गर्ने योजना समेत बोर्डले अघि सारेको छ । बोर्डले चालु आर्थिक वर्षमा पुराना शववाहनको सट्टा दुईवटा नयाँ विद्युतीय शववाहन (एम्बुलेन्स) खरिद गर्ने योजना अघि सारेको छ । डा. उप्रेतीले बोर्ड बहु-सरोकारवाला निकाय भएकाले सबैका स्वार्थ समेटेर काम गर्दा केही आलोचनाहरू स्वाभाविक भएको बताए । विदेशमा रोजगार मेला र गाडी खरिदबारे जवाफ दिदै उनले ऐनले श्रमिक र व्यवसायी दुवैको हितमा काम गर्ने अधिकार दिएको भन्दै ती कार्यक्रमहरू बोर्डको क्षेत्राधिकारभित्रै रहेको जिकिर गरे । उनले भने, 'ऐनको प्रस्तावनाले नै श्रमिक र मालिकको हितको लागि भनेको छ । ऐन-नियम कानुन एकातिर हुँदाहुँदै कसैले उजुरी हालेको भरमा महालेखा र अख्तियारले नकारात्मक लेख्नु हुँदैन।'

लास ल्याएको र बिरामीलाई उद्धार गरेको विषयलाई 'प्रगति' भन्नुपर्दा नकारात्मक सुनिने भएकाले विगतको तथ्यांकको आधारमा न्यून लक्ष्य राखिने गरेको उनले स्पष्ट पारे । त्यस्तै विदेशमा जेल परेका अधिकांश व्यक्तिहरू लागूऔषध वा मदिरा सेवनजस्ता गतिविधिमा संलग्न भएको र उनीहरू आफैँ कानुनी प्रक्रियामा जान नचाहने भएकाले बजेट भएर पनि खर्च हुन नसकेको उनको भनाइ थियो। पूर्वप्रस्थान अभिमुखीकरण (एम्इत) तालिमको पाठ्यक्रमलाई समयसापेक्ष बनाउन ड्राफ्ट तयार भइरहेको र त्यसमा सुझाव दिन उनले पत्रकार हरूलाई आग्रह गरे। गन्तव्य देश, विशेषगरी साउदी अरबको कानुनी प्रक्रिया जटिल भएकाले शव ल्याउन ढिलाइ हुने गरेको र यसमा बोर्डको नियन्त्रण नरहेको उनले बताए । श्रमाधान कल सेन्टरलाई राष्ट्रिय परिचयपत्रसँग जोड्ने काम भइरहेको समेत बताए ।

# सिँचाइ आयोजना...

कार्य गर्दै आएको छ । जानकी गाउँपालिकाको मध्य भाग भएर बग्ने कर्णालीको बलचौर भँगालो केही तल पुगेर कुलरिया नदीमा विभाजन भएको छ। विद्युत् उत्पादन पछिको पानी यसै नदीमा बगाइएको छ। जसका कारण तल्लो तटीय क्षेत्रमा सधैँ बाढी तथा जमिन भासिने समस्या रहँदै आएको छ। त्यस्तै बलचौर पश्चिममा रहेको नहरको पानीको निकास नभएका कारण पनि लम्की चुहा क्षेत्रमा जुनसुकै बेला पनि नहरको बाँध टुट्ने खतरा तथा दैनिक जसो घरपालुवा पशु र मान्छे डुबानको चपेटामा पर्दै आएका लम्कीका स्थानीय राजेश न्यौपाने बताउँछन् ।

**उत्पादनको डेढ वर्षमा समेत सञ्चालन कार्यविधि बनेन**

कैलालीको जानकी गाउँपालिका ९ कटासेमा रहेको मुख्य नहरमा करिब साढे ७ मिटर तल पानी खसालेर तीन वटा टर्बाइनबाट विद्युत् उत्पादन गरिएको छ । आयोजनाका इन्जिनियर अनिश श्रेष्ठका अनुसार विद्युत् उत्पादन भने १६ माघ २०८० मै सुरु भएको थियो । आयोजनाको नहरबाट उत्पादित विद्युत् नेपाल विद्युत् प्राधिकरणको लम्की स्थित सब स्टेसनमा पठाइएको छ, जहाँबाट ३३ केभी मार्फत राष्ट्रिय प्रसारणमा जोडिएको छ। विद्युत् नियमित उत्पादन भई राष्ट्रिय प्रसारण लाइनमा पठाइएको भए पनि सञ्चालन तथा व्यवस्थापन कार्यविधि भने अहिलेसम्म टुङ्गो छैन । पुस ०८० मै सञ्चालन तथा व्यवस्थापन कार्यविधिको मस्यौदा तयार गरेर स्वीकृतिका लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा पेस गरेको आयोजनाले जनाएको छ। 'तर मन्त्रालयले हालसम्म पनि कार्यविधि स्वीकृत गरेको छैन,' इन्जिनियर श्रेष्ठले भने । वार्षिक ३० करोड आम्दानी हुने अनुमान गरिएको उक्त जलविद्युत् आयोजना सञ्चालनका लागि मन्त्रालयले कार्यविधि स्वीकृत नगर्दा आयोजनालाई व्ययभार थपिएको छ। राष्ट्रिय प्रसारण लाइनमा विद्युत् पठाए पनि आयोजनाले त्यसबापतको आम्दानी प्राप्त गर्न सकेको छैन । विद्युत् आयोजना निर्माणको लगानी चार वर्षमा उठ्ने खाका तयार गरिएको थियो । विद्युत् आयोजना करिब एक अर्ब रुपैयाँ लागतमा निर्माण गरिएको हो।

**आयोजनाको लागत बढेको बढ्यै**

रानी जमरा कुलरिया सिँचाइ आयोजनाको लागत भने बढेको बढ्यै छ । आर्थिक वर्ष ०६७/६८ मा निर्माण सुरु भएको यस आयोजनाको लागत करिब १४ वर्ष अवधिमा १२ अर्बबाट बढेर २९ अर्ब नाघेको छ। ०७४/७५ मा सम्पन्न गर्ने लक्ष्य राखिएको आयोजनाका लागि फागुन ०६८ मा सिँचाइ मन्त्रालयले १२ अर्ब ६३ करोड २१ लाखको खरिद गुरुयोजना स्वीकृत गरेको थियो । तर निर्धारित अवधिमा आधा पनि काम पूरा हुन सकेन । चैत ०७४ मा ०८१/०८२ मा सक्ने लक्ष्य राखेर मन्त्रालयले २७ अर्ब ७० करोड २४ लाख अद्यावधिक खरिद गुरुयोजना स्वीकृत गऱ्यो । त्यसमा नेपाल सरकारले १७ अर्ब ७४ करोड ७२ लाख खर्च गर्ने र विश्व बैंकबाट ९ अर्ब ९५ करोड ५१ लाख ऋण सहयोग लिने भनिएको थियो। तर त्यतिन्जेल करिब ७५ प्रतिशत मात्र काम हुन सक्यो ।

हाल ०८५/८६ सम्मको अवधि राखेर २९ अर्ब ५५ करोड ७७ लाख लागत गुरुयोजना स्वीकृत गरिएको आयोजनाका सूचना अधिकारी इन्जिनियर पौडेलले बताए । 'आयोजनाले निर्माण गरेका पूर्वाधारहरूको सुदृढीकरण, मुआब्जाको दर परिवर्तन, कर्णाली, मोहना, पथरैया नदी नियन्त्रणलगायतका कार्य थपिँदै गएकाले काम र बजेट पनि बढ्दै गएको हो,' सूचना अधिकारी इन्जिनियर पौडेलले भने, 'हालसम्म २० अर्ब ५८ करोड ५६ लाख खर्च भएको छ।' नेपाल सरकारको ११ अर्ब २३ करोड ३३ लाख र विश्व बैंकको ९ अर्ब ३५ करोड २३ लाख ऋण सहयोग खर्च भएको हो। पौडेलका अनुसार सुरुमा १४ हजार ३ सय हेक्टरमा सिँचाइ सुविधा उपलब्ध गराउने मात्र भनिएको थियो।

रानी जमरा कुलरिया कुला जल उपभोक्ता मूल समिति अध्यक्ष कुमारराज शाही आयोजनाअन्तर्गत चरणबद्ध रूपमा काम भइरहेको बताउँछन् । 'पहिलो चरणमा इन्टेक, नहर, विजुली योजना निर्माण गरिएको छ,' उनले भने, 'डुडेभारी हुँदै पथरैया नदीमा पानी झारिएको छ। कर्णाली, पथरिया र मोहनामा तटबन्ध निर्माण, सडक पूर्वाधार स्तरोन्नति, पुल तथा कल्भर्ट निर्माणलगायत काम पनि भएका छन्।' आयोजनाअन्तर्गत रानी, जमरा र कुलरिया सेक्टरको ठेक्का अलग-अलग लगाइएको छ। शाहीका अनुसार रानीअन्तर्गतको काम गौरी पार्वती निर्माण सेवाले अधुरै राखेको छ। 'जुनसुकै तहबाट ताकेता गर्दा पनि त्यो कम्पनीले काम नै गरिरहेको छैन,' उनले भने । शाहीका अनुसार आयोजनाअन्तर्गत टीकापुरमा १ हजार मेट्रिक टन क्षमताको कोल्ड स्टोरसमेत निर्माण भइरहेको छ।

**रानी जमरा कुलरिया सिँचाइ कुलोको इतिहास**

रानी जमरा कुलरिया सिँचाइ आयोजनाको इतिहास एक शताब्दीभन्दा लामो छ। कैलालीको पूर्वी क्षेत्रमा रहेका रानी, जमरा र कुलरिया कुलोमध्ये रानी कुलो सबभन्दा पुरानो हो। रानी कुलो वि.सं १९५३ मा रानी पदमकुमारी शाहले निर्माण गर्न लगाएकी थिइन्। त्यही कारण यसलाई रानी कुलोको नामले चिनिँदै आएको स्थानीय बासिन्दा बताउँछन्। राणाकालमा टीकापुर क्षेत्र सुवर्ण शमशेरको थियो। बिर्ता क्षेत्र भएकाले बस्ती विस्तारका लागि दाङबाट थारु जातिलाई ल्याएर कुलो बनाउन लगाइएको थियो। त्यतिखेर थारुलाई कुलो खन्न पठाउने र कुलो खनेबापत सुँगुर काटेर खुवाउने चलन थियो। रानी कुलोबाट टीकापुर क्षेत्रका करिब ४८ गाउँमा सिँचाइ सुविधा उपलब्ध हुन्थ्यो। अर्को कुलो जमरा करिब १ सय २० वर्षअघि कर्णेल डुण्डिराज शाहीले निर्माण गर्न लगाएको इतिहास छ। उक्त कुलोबाट त्यस बेला ३८ गाउँलाई सिँचाइ सुविधा उपलब्ध हुने गरेको थियो । कुलरिया कुलो भने करिब ९० वर्षअघि स्थानीय किसान मधु महतो र कन्हैया महतोले निर्माण गर्न लगाएका थिए । त्यस बेला उक्त कुलोले करिब ३३ गाउँलाई सिँचाइ सुविधा पुऱ्याउँदै आएको थियो । कर्णाली नदीको पानी गाउँलेले परम्परागत कुलो निर्माण गरी लगेर टीकापुर क्षेत्रमा खेतीपातीलाई हराभरा बनाउँथे ।

रानी, जमरा र कुलरिया तीन वटा मूल कुलोमा ४८ उपशाखा र एक हजार सहायक शाखा रहेको स्थानीय बताउँछन् । वर्षको एक पटक कुलो खन्ने अभियान सञ्चालन हुन्थ्यो । बड घरले कुलो खन्ने योजना बनाएर सबै गाउँलाई खबर गरेपछि एकसाथ कुलो खन्ने, मर्मत गर्ने काम हुन्थ्यो, जसलाई स्थानीयले देशावर भन्ने गर्थे । देशावरमा हजारौँ स्थानीय बासिन्दाले एकसाथ खाने, बस्ने गर्थे । काम नसकिँदासम्म उनीहरू कुलो वरिपरि बास बसेर रात बिताउँथे । 'रानी जमरा कुलरिया सिँचाइ कुलोलाई समुदायले परम्परागत रूपमा व्यवस्थापन गर्थे । यसलाई दक्षिण एसियाकै पहिलो र सबैभन्दा ठुलो सिँचाइ कुलो भनिन्थ्यो,' टीकापुरका प्रेम भाटले भने । त्यही कुलोलाई सरकारले ०६८ सालमा सिँचाइ प्रणालीसहित बहुउद्देश्यीय आधुनिक संरचना निर्माण गर्नका लागि रानी जमरा कुलरिया सिँचाइ आयोजना सुरु गरेको थियो ।

# नाइमा नेपाल...

महाप्रबन्धक विष्णु प्रसाद ज्ञवाली र नेशनल इन्स्योरेन्स कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत नभनित गुप्ताले एक्स्पोसँगको सहकार्यप्रति गर्व व्यक्त गर्दै आगामी दिनमा पनि प्रविधिमैत्री र दिगो यातायात प्रणालीको विकासमा सँगै काम गर्ने प्रतिबद्धता जनाए।

एभरेस्ट बैंक र नेशनल इन्स्योरेन्स प्रमुख प्रायोजक रहेको प्रदर्शनीमा टिकेटिङ्ग पार्टनरको रुपमा खल्ती बाई आईएमई, बेभरेज पार्टनरमा माउण्टेन ड्यू, वृविङ्ग पार्टनरमा हिमालयन जाभा, राइड पार्टनरमा पठाओ, सर्वेलेन्स पार्टनरमा एचआईके भिजन, कनेक्टिभिटी पार्टनरमा वर्ल्ड लिङ्क, हस्पिट्यालिटी पार्टनरमा सोल्टि होटल, मेडिकल पार्टनरमा फ्रन्टलाईन हस्पिटल, टेलिकम पार्टनरमा एन्सेल, र म्यानेज्मेण्ट पार्टनरमा मिडिया स्पेस सोलुसन रहेका छन्। प्रदर्शनीका आगन्तुकहरुलाई प्रायोजक कम्पनीहरुले पनि विशेष प्रावधानको व्यवस्था गरेको छ। राईड पार्टनर पठाओले प्रदर्शनलाई लक्षित गरेर भृकुटीमण्डप गन्तव्य भएका राईडहरुमा ३० प्रतिशत सम्मको छ भने मेडिकल पार्टनर फ्रन्टलाईन हस्पिटलले प्रदर्शनी स्थलमा चौबिसै घण्टा एम्बुलेन्स छुट दिदै व्यवस्थापन सहित आकस्मिक तथा सामान्य चिकित्सासेवा प्रदान गर्ने भएको छ।

यस बाहेक संस्थाले प्रदर्शनीलाई लक्षित गरेर विशेष अनलाईन प्रतियोगिता पनि सार्वजनिक गरेको छ। यो प्रतियोगितामा २१ श्रावण सम्ममा नाइमा अटो एक्स्पो सम्बन्धित भिडियो बनाएर सामाजिक संजालमा अप्लोड गर्ने एक उत्कृष्ट प्रतिश्पर्धीलाई एक लाख र श्रावण २१ देखि २५ सम्म अप्लोड भएका १० उत्कृष्ट भिडियोहरु प्रत्येक लाई रु १०,००० नगद पुरस्कार प्रदान गरिने छ। कार्यक्रमको समापन नाइमाका अध्यक्ष रितु सिंह वैद्यले गरिन्। उनले मिडिया तथा साझेदारहरूलाई धन्यवाद दिँदै "नाइमा मोबिलिटी एक्स्पो २०२५" नेपालकै सबैभन्दा ठूलो र महत्वपूर्ण अटोमोबाइल प्रदर्शनी बन्नेमा विश्वास व्यक्त गरिन्। यसका साथै प्रर्दशनीको पाँचौ दिन विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञहरुको सहभागिता रहने प्यानल डिस्कसनको बारेमा पनि जानकारी दिइन्।

प्रदर्शनीको पहिलो दिन अनिल केशरी शाहले २ बजे देखि ५ बजे सम्म " मोबिलिटी हिजो, आज र भोलि" विषयमा ज्ञानवर्धक सत्र संचालन गर्दै छन् भने अरु दिनको सत्रहरुमा त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, शिक्षा मन्त्रालय, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, र भारतको इन्स्टिच्युट अफ रोड ट्राफिक एजुकेशन जस्ता विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुका दक्ष तथा विज्ञ व्यक्तित्वहरुको उपस्थिति रहनेछ। नाइमा मोबिलिटी एक्स्पो २१ देखि २५ गतेसम्म भृकुटीमण्डप, काठमाडौंमा आयोजना हुँदै छ। जहाँ ५० भन्दा बढी ब्राण्डहरू सहभागी हुनेछन्। प्रदर्शनीको टिकट खल्ती बाई आईएमईमा उपलब्ध छ। नाइमा नेपाल मोबिलिटी एक्स्पोमा विक्री भएका टिकटहरुको पाँच प्रतिशत रकम शिक्षा मन्त्रालय र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को सहकार्यमा विद्यार्थीहरुलाई मोबिलिटी क्षेत्रका विषयमा छात्रवृत्ति तथा फेलोशिपहरु प्रदान गरिने नाइमाले जनाएको छ।

# सुक्खाग्रस्त मधेश....

बाँच्ने स्थिति नहुँदा यसै वर्ष सबै खत्तम हुने चिन्ता व्यक्त गरेकी हुन् । तर ती महिलाको विलाप नबुझेपछि प्रधानमन्त्रीलाई सँगै रहेका श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले मैथिलीमै जवाफ फर्काएका थिए, 'प्रधानमन्त्री जी मधेशके संकटग्रस्त घोषणा केने है..।' प्रधानमन्त्रीजीले मधेशलाई संकटग्रस्त घोषणा गरिसकेको भण्डारीको आशय थियो।

खानेपानी तथा सिँचाइ अभावले सुक्खाग्रस्त भएका कारण नै मधेशलाई मन्त्रिपरिषद्बाट संकटग्रस्त घोषणा गरिएको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले तत्कालका लागि केही उपाय अवलम्बन गर्ने नीति लिएको सुनाए । 'कोशीसँग नजिकै रहेको सप्तरीमा सुक्खाको कम प्रभाव भएको र मधेशका अन्य ७ जिल्ला समस्याग्रस्त बनेको पाएँ,' उनले भने । उनले बारा र पर्सामा पिउने पानीको समेत अभाव भएको सुनाए । 'पानीको चरम अभाव छ। बोरिङसमेत सुकेका छन्,' मुख्यमन्त्री सिंहले भने, 'गैरसरकारी संस्थाहरूलाई सुक्खासम्बन्धी कार्यक्रम सञ्चालन गर्न आग्रह गरेका छौं । वारुणयन्त्र प्रयोग गरेर बारा र पर्सामा सेनाको सहयोगमा पिउनेपानी वितरण भइरहेको छ।' प्रदेश सरकारले सम्पूर्ण बजेट खर्च गरे पनि सुक्खा र पानीको समस्या समाधान नहुने भएकाले संघीय सरकारको सहयोग आवश्यक रहेको मुख्यमन्त्री सिंहले बताए ।

लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुरले पानीको समस्याबारे उल्लेख गर्दै आगामी दिनमा हुन सक्ने भोकमरीको समस्या समाधान गर्नेतर्फ गम्भीर हुन आग्रह गरे । 'कहीँकतै रोपिएको धान पनि खडेरीले सुक्न थालेको छ। पानी अभावमा जीवजन्तुसमेत समस्यामा छन् । मधेशको पूर्वमा रहेको कोशी र पश्चिमको गण्डकबाट पानी ल्याउने व्यवस्था गर्नुपर्छ,' उनले भने ।

# बरुण हाइड्रोपावरको हकप्रद साउन १९ गतेसम्म भर्न पाइने

Barun Hydropower Co. Ltd.

काठमाडौं। बरुण हाइड्रोपावर कम्पनीले असार ३१ गतेदेखि बिक्री गरेको हकप्रद शेयरमा साउन १९ गतेसम्म आवेदन दिन सकिनेछ। कम्पनीले हाल कायम चुक्ता पूँजीको शतप्रतिशत अर्थात कम्पनीले हाल कायम १ कित्ता शेयर बराबर नयाँ १ कित्ता अनुपातमा हकप्रद शेयर निष्काशन गरेको हो।

यस अनुसार कम्पनीले ५३ करोड ५८ लाख १५ हजार रुपैं याँबराबरको प्रतिशेयर १०० रुपैयाँ अंकित मूल्यका ५३ लाख ५८ हजार १५० कित्ता हकप्रद शेयर निष्काशन गर्नेछ। हकप्रद शेयर निष्काशन प्रयोजनार्थ कम्पनीले जेठ २२ गते बुकक्लोज गरेको थियो। यस अनुसार जेठ २१ गतेसम्म नेप्सेमा कारोबार भइ कायम शेयरधनीहरुले सो हकप्रद शेयरका लागि आवेदन दिन सक्नेछन्।

कम्पनीको शेयर निष्काशन तथा बिक्री प्रबन्धक आरबिबि मर्चेन्ट बैंकिङ्ग लिमिटेड रहेको छ। लगानीकर्ताले बिक्री प्रबन्धकका साथै राष्ट्रिय वाणिज्य बैंकका विराटनगर, जनकपुर, नारायणगढ, बाग्लुङ्ग, बुटवल, नेपालगञ्ज, वीरेन्द्रनगर, धनगढी, बिर्तामोड, हेटौँडा, तुल्सीपुर, महेन्द्रनगर, चैनपुर, खाँदबारी र धरान शाखा कार्यालयबाट आवेदन दिन सक्नेछन्।

त्यस्तै, नेपाल धितोपत्र बोर्डबाट इजाजत प्राप्त सि आस्बा सेवामा सहभागी बंक तथा वित्तीय संस्थाबाट सि आस्बा प्रणालीमार्फत तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर 'मेरो शेयर' अनलाइन प्रयोग गरी अनलाइनमार्फत पनि आवेदन दिन सक्नेछन्।

हकप्रद निष्काशनका लागि गराएको रेटिङ्गमा केयर रेटिङ्ग नेपालले कम्पनीलाई केयरएपी डबल बी इस्यूअर रेटिङ्ग प्रदान गरेको छ। यसले समयमा वित्तीय दायित्व बहन गर्ने क्षमतामा उच्च जोखिम रहेको संकेत गर्दछ। हाल कम्पनीको चुक्ता पूँजी ५३ करोड ५८ लाख १५ हजार रुपैयाँ रहेको छ। हकप्रद निष्काशन तथा बाँडफाँडपश्चात कम्पनीको चुक्ता पूँजी १ अर्ब ७ करोड १६ लाख ३० हजार रुपैयाँ पुग्नेछ।

# अहिले बैंकहरुको लाइसेन्स बाँड्न सकिन्न : डेपुटी गभर्नर ढुंगाना

काठमाडौं। डेपुटी गभर्नर निलम ढुंगानाले नयाँ बैंकको लाइसेन्स अहिले नै बाँड्न सक्ने अवस्था नरहेको प्रस्ट पारेकी छन् । काठमाडौँमा आइतबार आयोजित एक कार्यक्रममा ढुंगानाले नयाँ बैंक स्थापनाबारे चर्चा भए पनि अहिले नै लाइसेन्स बाँड्न सक्ने स्थिति नरहेको बताएकी हुन्।

ढुंगानाका अनुसार बैंकहरूमा अस्वस्थ प्रतिस्पर्धा भयो भन्न थालेको अहिले धेरै भएको छैन । उनले कतिपय बैंकहरूमा समस्या भएका कारण अरूमा मर्ज गरिएको बताइन् । उनले भनिन्, 'कतिवटा बैंकहरु उपयुक्त हुन्छ भन्ने सन्दर्भमा राष्ट्र बैंकले अध्ययन समेत गरेको थियो । २ वर्षअघि एउटा अध्ययन गरेर बैंकहरुको संख्या निर्धारण गर्ने अहिले त्यसैलाई मिचेर नयाँ लाइसेन्स दिने कुरा सम्भव छैन' ढुंगानाका अनुसार नेपाल राष्ट्र बैंकले मौद्रिक नीति नियमन तथा आवश्यक अन्य प्रावधानमार्फत बैंकिङ क्षेत्रमा स्थायित्व कायम राख्न निरन्तर प्रयासरत छ। बैंक तथा वित्तीय संस्थाहरूको वर्तमान स्थिति र परिदृश्यलाई नेपाल राष्ट्र बैंकले राम्रोसँग निहालिरहेको उनको भनाई छ।

बैंकिङ प्रणालीमा भएको विस्तार र आधुनिकीकरण, वित्तीय पहुँचमा भएको विस्तार, भुक्तानी प्रणालीमा भएको आधुनिकीकरण, वित्तीय सेवाको विविधीकरण र गुणस्तरमा सुधार र स्वतन्त्र पुँजी वृद्धिको प्रभावकारी कार्यान्वयनमार्फत समग्र आर्थिक स्थायित्व कायम गर्दै आउनु उपलब्धिका विषयहरू रहेको उनले बताइन्।

डेपुटी गभर्नर ढुंगानाले भनिन्, '२ वर्षअघि १५-१८ को हाराहारीमा बैंकहरु हुनुपर्छ भनेर राष्ट्र बैंकले नै रिपोर्ट निकालेका थियौँ। अब होइन होइन। अब फेरि नयाँ खुलाउनुपर्छ भन्दै धमाधम नयाँ ल्याउन दिने कुरा हुँदैन। हामीले अध्ययन नगरी, कुनै आधार नभई कुनै पनि कुरामा हत्तारै अघि बढ्न सक्दैनौँ । डिजिटल बैंकको सन्दर्भमा छुट्टै प्रकृतिको आवश्यक हो भने अध्ययन गरेर संस्थाहरू खुलाउनु पर्छ। बजेटमा पनि आएको छ। यसमा हामी पोजेटिभ नै छौं। सबै कुरालाई हेरेर मात्रै निर्णय लिनुपर्छ।'

कोभिड र त्यसपश्चात विश्व अर्थतन्त्रमा देखा परेका विभिन्न असरहरूका कारण केही वर्षयता अर्थतन्त्रले अपेक्षित गति लिन नसकेको बताउँदै अर्थतन्त्रका सूचकहरू गत वर्ष सङ्कुचनमा रहे पनि अहिले भने बिस्तारै सुधारोन्मुख रहेको डेपुटी गभर्नर ढुंगानाले जिकिर गरिन्।

# नेशनल लाइफ इन्स्योरेन्सको गाला कन्सर्ट सम्पन्न




काठमाडौँ। नेशनल लाइफ इन्स्योरेन्सले नेशनल लाइफ गाला कन्सर्ट सम्पन्न गरेको छ । कम्पनीले जेठ महिनामा जारी गरेको मासिक योजना अनुरुप उत्कृष्ट कार्य गरी तोकिएको लक्ष्य पुरा गर्न सफल अभिकर्ताहरुको लागि भैरहवाको होटल सिद्धार्थ भिलासामा सो कन्सर्ट सम्पन्न गरेको जनाइएको हो।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत सुरेश प्रसाद खत्रीले पानसमा दिप प्रज्वलन गरी समुद्घाटन गरेका थिए । सो कार्यक्रममा विभागिय प्रमुखहरु र विभिन्न शाखाका शाखा प्रमुखहरु गरी करिब ३५० जनाको उपस्थिती रहेको थियो । कार्यक्रममा आमन्त्रित अभिकर्ताहरुलाई स्ट्रेस म्यानेजमेण्ट सम्बन्धी प्रशिक्षण समेत प्रदान गरिएको थियो।

प्रशिक्षणका क्रममा चर्चित प्रशिक्षक रामहरी पौडेलले तनाव व्यवस्थापन गर्ने विभिन्न आयामहरु प्रस्तुत गरिएको थियो भने सो पश्चात् मनोरञ्जनात्मक एवं सांगितिक प्रस्तुतीले भरिपूर्ण गाला कन्सर्टमा स्ट्याण्ड अप कमेडीयन सुमन कोईरालाको कमेडी प्रस्तुती सहित नेपालका चर्चित कलाकारहरु प्रकाश सपुत, समिक्षा अधिकारी बाबुल गिरी र भोजपुरी गायक सोनु कुमार मण्डलको बेजोड सांगितिक प्रस्तुती रहेको थियो।

भव्य रुपमा आयोजना गरिएको उक्त गाला कन्सर्टमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतले अभिकर्ताहरुको माग तथा चाहानालाई मध्येनजर गर्दै गत साल भव्य रुपमा सफल भएको कन्सर्टलाइ निरन्तरता दिएको र यस योजनालाई देशै भरीका अभिकर्ताहरुको उत्साहजनक उपस्थितीले कार्यक्रम भव्य रुपमा सम्पन्न भएको जनाए।

# नाडा अटो शोमा १ सय बढी स्टल रहने, थप बृहत हुन्छः संयोजक

काठमाडौं । नाडा अटोमोबाइल्स एसोसियशन अफ नेपालको आयोजनामा हुने 'नाडा अटो शो'मा १०० भन्दा बढी स्टल रहने भएका छन् । भदौ ३ देखि ८ गतेसम्म भृकुटीमण्डपमा आयोजना हुने अटो शोमा १०० भन्दा बढी स्टल रहने टुङ्गो लागेको अटो शोका संयोजक अनुप बरालले जानकारी दिए ।

चार पाङ्ग्रे, दुइ पाङ्ग्रे, लाइट कमर्सियल भेहिकल, कम्पोनेन्ट, बैंक तथा इन्स्योरेन्स कम्पनी लगायतका स्टल रहने छन् । केही कम्पनीले आफ्ना नयाँ मोडलसमेत नाडा अटो शोको अवसरमा लन्च गर्ने भएका छन् । उनका अनुसार अहिले स्टल बाँडफाँड पश्चात आन्तरिक र डिजाइनको तयारीमा नाडा जुटेको छ । अब केही दिन पछि पत्रकार सम्मेलनको आयोजना गरेर अटो शो सम्बन्धि विस्तृत जानकारी दिइने संयोजक बरालको भनाइ छ ।

यस संस्करणको अटो शोको मुख्य प्रायोजकमा एमएडब्ल्यू ग्रुप अफ कम्पनीज् रहेको छ । डिजिटल टिकेट पार्टनरमा खल्ती रहने छ । नाडा अटो शोमा 'मेड इन नेपाल पेभेलियन', अटो डायलग (नीति र प्रवृत्ति सम्बन्धी संवाद), इटेरी, क्याफे जस्ता विशेष आकर्षणहरु रहने छन् ।

'नाडाको गरिमा कायम रहने गरी नाडा अटो शो हुन्छ, विगतको जस्तै बृहत्त हुने कुरामा कुनै शंका छैन' संयोजक बरालले भने, 'विगतदेखि नै नेपालको ठूलो र बृहत अटो शोका रुपमा परिचित नाडा अटो शो यसपटक पनि त्यो प्रतिष्ठा र गरिमा कायम रहने गरी आयोजना हुन्छ ।'

# प्रोटेक्टिभ माइक्रोको नाफा ७९.५७ प्रतिशत बढ्यो

काठमाडौं । प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्सले गत आर्थिक वर्ष २०८०/८१ मा १२ लाख ७५ हजार रुपैयाँ खुद नाफा आर्जन गरेको छ । अघिल्लो वर्ष कम्पनीले ७ लाख १० हजार रुपैयाँ खुद नाफा आर्जन गरेको थियो । अघिल्लो वर्षको तुलनामा गत वर्ष कम्पनीको नाफा ७९.५७ प्रतिशत बढी हो ।

गत वर्ष कम्पनीले ५ करोड ६७ लाख रुपैयाँ खुद बीमा शुल्क आर्जन गरेको छ । अघिल्लो वर्ष कम्पनीले ४ करोड ७३ लाख रुपैयाँ खुद बीमा शुल्क आर्जन गरेको थियो ।अघिल्लो वर्ष २ करोड ७८ लाख रुपैयाँ कुल बीमा शुल्क आर्जन गरेको यस कम्पनीले गत वर्ष १८ करोड ६९ लाख रुपैयाँ आर्जन गरेको छ ।

कम्पनीले गत वर्ष २ करोड ६ लाख रुपैयाँ खुद दाबी भुक्तानी गरेको छ । अघिल्लो वर्ष कम्पनीले २ करोड ७३ लाख रुपैयाँ दाबी भुक्तानी गरेको थियो । ५२ करोड ५० लाख रुपैयाँ चुक्ता पुँजी रहेको यस कम्पनीको विशेष जगेडामा २३ लाख १९ हजार रुपैयाँ, महाविपत्ति कोषमा २ लाख ३१ हजार रुपैयाँ, सञ्चित नाफा ५ लाख ३३ हजार रुपैयाँ र अन्य इक्विटीमा १५ लाख ९१ हजार रुपैयाँ रहेको छ ।

गत वर्ष कम्पनीले ४८ करोड १० लाख रुपैयाँ दीर्घकालीन र ३ करोड रुपैयाँ अल्पकालीन लगानी गरेको छ ।

# प्रभु महालक्ष्मी लाइफको एनुअल ब्रान्च म्यानेजर्स कन्फरेन्स सम्पन्न




काठमाडौं । प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्सको एनुअल ब्रान्च म्यानेजर्स कन्फरेन्स २०८२ रुपमा सम्पन्न भएको छ । चितवनको नारायणगढमा साउन १० देखि १४ गतेसम्म गरी ५ दिन विभिन्न कार्यक्रमहरुका साथ रुपमा एनुअल ब्रान्च म्यानेजर्स कन्फरेन्स २०८२ कार्यक्रम सम्पन्न भएको हो ।

देशैभरीका ११५ शाखाबाट शाखा प्रमुखहरु र केन्द्रीय कार्यालयबाट व्यवस्थापन समूहको कार्यक्रममा सहभागीता रहेको थियो । प्रभु महालक्ष्मी लाइफ इन्स्यारेन्सका प्रमुख कार्यकारी अधिकृत सन्तोष प्रसाईले पानसमा दीप प्रज्ज्वलन गरी कार्यक्रमको उद्घाटन गरेका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रभु महालक्ष्मी लाइफ इन्स्यारेन्सका प्रमुख कार्यकारी अधिकृत सन्तोष प्रसाईले सबैको मिहिनेतले गत आर्थिक वर्ष २०८१/८२ मा व्यवसाय बृद्धिका हिसाबले नेपाली बीमा क्षेत्रमा प्रभु महालक्ष्मी लाइफ इन्स्यारेन्सको अब्बलता सावित गर्ने सबै शाखा प्रमुखहरु, कर्मचारीहरु, अभिकर्ताहरु, व्यवस्थापन समूह, संचालक समिति लगायतलाई धन्यवाद व्यक्त गरे ।

कम्पनीलाई विश्वास गरी बीमा गर्ने सम्पूर्ण बीमितहरुलाई धन्यवाद व्यक्त गर्दै यो विश्वासलाई जिम्मेवारीको रुपमा ग्रहण गरेको बताए । त्यसैगरी आर्थिक वर्ष २०८२/८३ को व्यवसायी लक्ष्य र उक्त लक्ष्य हासिल गर्ने कम्पनीको रणनीति प्रस्तुत गर्दै सोही अनुसार अगाडि बढ्न निर्देशन दिए ।

उत्कृष्ट कार्यसम्पादनका आधारमा विभिन्न विधामा कर्मचारीहरूलाई अवार्ड, प्रमाण पत्र सहित सम्मान गरीएको थियो । कार्यक्रममा प्रभु महालक्ष्मी लाइफ इन्स्यारेन्सका नायब प्रमुख कार्यकारी अधिकृत किशोर प्रसाद लामिछानेले स्वागत मन्तव्य व्यक्त गरेका थिए ।

# नाइमा मोबिलिटी एक्सपोमा सार्वजनिक हुँदै 'क्यारी' ईभी




काठमाडौं । लक्ष्मी ग्रुप अन्तर्गतको एलएक्सजी मोटर्स प्रालिले चीनको प्रख्यात व्यावसायिक विद्युतीय सवारी ब्रान्ड 'क्यारी' लाई नेपाली बजारमा ल्याउने आधिकारिक घोषणा गरेको छ । साउन २१ गतेदेखि सञ्चालन हुने नेपाल अटोमोबाइल ईपोर्टर्स एन्ड म्यानुफ्याक्चरर्स एशोसिएसन (नाइमा) द्वारा आयोजित 'नाइमा मोबिलिटी एक्सपो २०२५' मार्फत 'क्यारी' ब्रान्डका दुई नयाँ विद्युतीय भ्यानहरू सार्वजनिक हुने भएका हुन् ।

हुन्डाई र बीएमडब्ल्यू जस्ता विश्वस्तरीय अटोमोबाइल ब्रान्ड तथा कमर्सियल भेइकलमा एसएमएल इसुजुको समेत आधिकारिक वितरक रहेको लक्ष्मी ग्रुपले आफ्नो विद्युतीय यात्रालाई निरन्तरता दिँदै पूर्णतः विद्युतीय व्यावसायिक सवारीको क्षेत्रमा नयाँ आयाम थप्न लागेको छ । 'क्यारी' ब्रान्ड विश्वकै अग्रणी अटोमोबाइल निर्माता चेरी कमर्सियल भेहिकल्स अन्तर्गत पर्दछ, जुन आफ्नो विश्वसनीयता, सुरक्षा, र उत्कृष्ट प्रदर्शनका लागि विश्वभर परिचित छ ।

क्यारी ब्रान्ड अन्तर्गत केभान १ र केभान २ भेरिएन्टका इलेक्ट्रिक भ्यान लन्च गर्न लागिएको हो । व्यावसायिक प्रयोजनका लागि आधुनिक खैरो रङमा 'कमर्सियल भेरियन्ट' र स्कुल/कलेज प्रयोजनका लागि सुरक्षात्मक पहेँलो रङमा 'स्कुल भेरियन्ट' उपलब्ध हुनेछन् । ५३ किलोवाट आवर क्षमताको सिएटिएल ब्याट्री जडान गरिएको यी भ्यानले एक पटकको फुल चार्जमा अधिकतम ३०० किलोमिटर रेन्ज दिने दाबी गरिएको छ । गाडीको औपचारिक लन्च र विस्तृत जानकारी नाइमा मोबिलिटी शो २०२५ मा दिइने कम्पनीको भनाई छ ।

एलएक्सजी मोटर्स प्रालि नेपालको अग्रणी व्यावसायिक समुह, लक्ष्मी ग्रुपको एक सहायक कम्पनी हो । कम्पनीले नेपाली बजारमा उत्कृष्ट र वातावरणमैत्री विद्युतीय सवारी साधनहरू भित्र्याएर दिगो यातायातमा योगदान पुऱ्याउने लक्ष्य राखेको छ ।

# नेपाल इन्फ्रास्ट्रक्चर्स इन्भेष्टमेन्ट फण्डले आइपीओ जारी गर्ने




काठमाडौं । नेपाल इन्फ्रास्ट्रक्चर्स इन्भेष्टमेन्ट फण्ड लिमिटेडले सर्वसाधारणका लागि आइपीओ जारी गर्ने भएको छ । कम्पनीले साधारण शेयर निष्काशन गर्न निष्काशन तथा बिक्री प्रबन्धकमा लक्ष्मी सन्राइज क्यापिटल लिमिटेडलाई नियुक्त गरेको छ ।

उक्त सम्झौतामा लक्ष्मी सन्राइज क्यापिटल लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत बिजय लाल श्रेष्ठ र नेपाल इन्फ्रास्ट्रक्चर्स इन्भेस्टमेन्ट फण्ड लिमिटेडका तर्फबाट अध्यक्ष डा. मनिष थापाले हस्ताक्षर गरे । कम्पनीले १ सय रुपैयाँ अंकित दरका रु.३०,००,००,००० रकम बराबरको ३०,००,००० कित्ता आइपीओ बिक्री गर्ने जनाएको छ ।

नेपाल इन्फ्रास्ट्रक्चर्स इन्भेष्टमेन्ट फण्ड लिमिटेड नेपालको अग्रणी स्थायी पूँजी साधन लगानी संस्था हो । जसलाई ग्लोबल इक्विटी फण्डले व्यवस्थापन गर्दै आएको छ । ग्लोबल इक्विटी फण्ड नेपालको पहिलो नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त प्राइभेट इक्विटी र भेन्चर क्यापिटल फण्ड प्रबन्धक हो । नेपाल इन्फ्रास्ट्रक्चर्स इन्भेस्टमेन्ट फण्ड लिमिटेडले भौतिक पूर्वाधारको विकासको लागि स्वच्छ उर्जा, यातायात, विद्युतीय सवारी साधन, सौर्य, जलविद्युत, सूचना प्रविधि, कृषि र आतिथ्य जस्ता प्रमुख क्षेत्रहरुमा संचालन हुने कम्पनीहरुमा पूँजी परिचालन गरिसकेको छ ।

यस संस्थालाई नेपाल कै अग्रणी इन्स्योरेन्स संस्थाहरु हिमालयन लाइफ इन्स्योरेन्स, हिमालयन एभरेष्ट इन्स्योरेन्स, प्रभु महालक्ष्मी इन्स्योरेन्स, नेपाल रिइन्स्योरेन्स का साथै व्यवसायी राजेन्द्र खेतान र बसन्त चौधरी ले प्रवर्धन गरेका छन् ।

# हिमालयन लघुवित्तको खुद नाफा ९ करोड १७ लाख रुपैया

काठमाडौं । अघिल्लो वर्ष घाटामा गएको हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड यो वर्ष नाफामा फर्किएको छ। संस्थाले आर्थिक वर्ष २०८१/८२ मा ९ करोड १७ लाख रुपैयाँ खुद नाफा कमाएको छ, जबकि अघिल्लो वर्ष २० लाख रुपैयाँभन्दा बढी घाटामा थियो।
वित्तीय विवरण अनुसार संस्थाको वितरणयोग्य मुनाफा ६ करोड ३१ लाख रुपैयाँ पुगेको छ भने लगभग १९.७६% लाभांश दिन सक्ने क्षमता बनाएको छ।
समीक्षा अवधिमा संस्थाको ब्याज आम्दानी ५८.५०% ले बढेर ३५ करोड ३० लाख रुपैयाँ पुगेको छ। सञ्चालन मुनाफा पनि १३ करोड रुपैयाँ नाघेको छ। अघिल्लो वर्ष ऋणात्मक रहेको रिटेन्ड अर्निङ्स यो वर्ष ६ करोड ३१ लाखमा पुगेको छ। त्यस्तै, रिजर्भ कोष पनि बढेर ११ करोड ९२ लाख पुगेको छ।
कम्पनीले ३ अर्ब ८२ करोड रुपैयाँ सापटी लिएर ४ अर्ब ९२ करोड रुपैयाँ कर्जा प्रवाह गरेको छ। तर, खराब कर्जा (एनपीएल) बढेर ५.३३% मा पुगेको छ, जुन अघिल्लो वर्ष ३.४९% मात्र थियो।
यो वर्ष कम्पनीको वार्षिकीकृत प्रतिशेयर आम्दानी (भ्एक) २८.७० रुपैयाँ पुगेको छ भने पीई रेसियो ३५.३८ र प्रतिशेयर नेटवर्थ १४८.१६ रुपैयाँ रहेको छ।

# सहकारी नियमन प्राधिकरणको कार्यकारी निर्देशकमा पौडेल नियुक्त

काठमाडौं । सरकारले राष्ट्रिय सहकारी नियमन प्राधिकरणको कार्यकारी निर्देशकको जिम्मेवारी सहसचिव शेषनारायण पौडेललाई दिएको छ । सोमबारको मन्त्रिपरिषद बैठकले पौडेललाई सहकारी नियमन प्राधिकरणको कार्यकारी निर्देशकको जिम्मेवारी तोकेको हो ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव पौडेल हालै मात्रै विदेशबाट अध्ययन गरेर फर्किएका हुन् । उनले जापानबाट इन्टरनेशनल माइग्रेन्ट म्यानेजमेन्ट शीर्षकमा पीएचडी अध्ययन सकेका हुन् । पौडेलले यसअघि रामेछापसहित विभिन्न जिल्लाको प्रमुख जिल्ला अधिकारी हुँदै वैदेशिक रोजगार विभाग र भूमि व्यवस्थापन तथा अभिलेख विभागको महानिर्देशको जिम्मेवारीसमेत सम्हालिसकेका छन् । पौडेल 'इन्ट्रिगिटी आइडल' घोषित भएका राष्ट्रसेवक कर्मचारी पनि हुन् ।

# कालिका लघुवित्तको खुद नाफा १० करोड ८० लाख रुपैयाँ

काठमाडौं । कालिका लघुवित्त वित्तीय संस्था लिमिटेडले सार्वजनिक गरेको चौथो त्रैमाससम्मको अपरिष्कृत वित्तीय विवरणअनुसार कम्पनीको मुनाफा उल्लेख्य रूपमा बढेको छ। अघिल्लो वर्षको तुलनामा ३६.४२ प्रतिशतले वृद्धि भई लघुवित्तले १० करोड ८० लाख रुपैयाँ खुद नाफा कमाएको छ।

उक्त अवधिमा कम्पनीको खुद ब्याज आम्दानी ५०.२९ प्रतिशतले बढेर ३८ करोड १० लाख रुपैयाँ पुगेको छ। त्यस्तै, सञ्चालन आम्दानी ५४.९८ प्रतिशत र सञ्चालन मुनाफा ९५.८९ प्रतिशतले वृद्धि भएको छ। लघुवित्तको चुक्ता पूँजी ४० करोड ७६ लाख रुपैयाँ रहेको छ भने जगेडा कोषमा ३५ करोड २४ लाख रुपैयाँ सञ्चित छ। असार मसान्तसम्ममा लघुवित्तले १ अर्ब ६४ करोड ६९ लाख रुपैयाँ निक्षेप संकलन गर्दै ४ अर्ब ८४ करोड ७४ लाख रुपैयाँ कर्जा प्रवाह गरेको छ। नाफासँगै प्रतिशेयर आम्दानी (भ्एक) पनि बढेको छ। अघिल्लो वर्षको तुलनामा रु ५.२३ ले वृद्धि भई भ्एक रु २६.५१ पुगेको छ।

मूल्य-आम्दानी अनुपात (ए/भ च्बतष्य) ३९.९६ गुणा रहेको छ भने प्रतिशेयर नेटवर्थ रु १८६.४४ कायम भएको छ।

# श्रीनगर एग्रीटेकले पायो आईपीओ निष्काशन अनुमति

काठमाडौं । श्रीनगर एग्रीटेक इन्डष्ट्रिज लिमिटेडले आईपीओ निष्काशनको अनुमति पाएको छ। नेपाल धितोपत्र बोर्डले आज साउन १३ गते कम्पनीलाई शेयर निष्काशनको अनुमति दिएको हो।

बोर्डबाट अनुमति पाएसंगै अब कम्पनीले ३२ करोड ६२ लाख ५० हजार रुपैयाँ बराबरको ३२ लाख ६२ हजार ५ सय कित्ता शेयर निष्काशन गर्ने छ। शेयर निष्काशनको लागि नबिल इन्भेष्टमेन्ट बिक्री प्रबन्धक रहेको छ।

कम्पनीले कुखुराको चल्ला र अण्डा उत्पादन गर्दै आएको छ। त्यस्तै, कुखुराको लागि सुनौलो प्लेट दाना, माछा र बंगुरलाई आवश्यक पर्ने दाना पनि उत्पादन गर्दै आएको छ। कम्पनीले कृषकलाई कृषि सम्बन्धी प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको छ भने किसानले उत्पादन गरेका सामग्रीहरु खरिद गरेर बजारसम्म पुयाउँदै पनि आएको छ ।

कम्पनीको ठूला शेयरधनीमा सतिश चन्द श्रेष्ठ, चन्द्र पंकज डेभलपर्स प्रालि र मौसमी श्रेष्ठ रहेका छन् ।

# रिलायबल नेपाल लाइफको हाकिमचोक शाखाले गर्यो उत्कृष्ट कार्य प्रदर्शन

काठमाडौं । बीमा क्षेत्रमा अधिकांश सुनिने नाम मध्यको एक हो रिलायबल नेपाल लाइफ इन्स्योरेन्स, स्थापनाको छोटो समयमा नै बिभिन्न बिधामा आफुलाई सर्बोत्कृष्ट प्रमाणित गर्दै आईरहेको यस बीमा कम्पनीका आकर्षक, सुलभ र देशका सबै नागरिकलाई समेटने खालको जीवन बिमा पोलिसी बजारमा ल्याएको छ । त्यसो त जिबन बीमा ईतिहासकै सर्वाधिक ठुलो रकमको बीमा दाबी भुक्तानी तथा अधिकतम जिबन बीमा पोलिसी जारी गरि बीमा बजारमा बिश्वसनियता समेत कमाईसकेको यस बीमा कम्पनीले हालसम्म अन्य थुप्रै सफलता हाँसिल गरिसकेको छ।

रिलायबल नेपाल लाइफको हाकिमचोक शाखा आर्थिक वर्ष २०७६।७७ मा स्थापना भएको हो । यो शाखा संचाललको ५ बर्ष मात्र भएको छ तर यस शाखा हालसम्मका हरेक बर्षहरुमा प्रथम हुँदै आएको छ। यसो हुनूको मुख्य कारण मध्यका एक हुन अनुभवी शाखा प्रबन्धक राजकुमार दाहाल, बिगत १६ बर्ष देखी उनी बीमा पेशामा संलग्न छन।

बिभिन्न बीमा कम्पनी हुँदै यस कम्पनीमा पाईला राखेको सुरुवाती बर्षमा नै उक्त शाखालाई उत्कृष्ट शाखाका रुपमा स्थापित गर्न सफल भएका हुन । त्यसैगरी संस्थाको स्थापनाकाल देखी नै शाखामा काम गर्दै आएकी सरल स्वभाव, दृढ बिचार तथा अत्यन्तै लगनशिल कर्मचारी साबित्री सापकोटाको समेत यस सफलतामा योगदान रहेको छ। उक्त शाखाले हरेक बर्ष आफ्नो ब्यवसायिक लक्ष्यलाई सहजै हाँसिल गर्दै आईरहेका छ।

वित्तीय क्षेत्रका अब्बल संचालक, उत्कृष्ट ब्यवस्थापक, सबल नियामक, उर्जावान कर्मचारी तथा क्षमतावान एजेन्सी टिमको समवन्नयनकारी सहकार्यबाट नै यस नतिजा हाँसिल गर्न सम्भब भएको शाखा प्रमुख दाहालले बताए । बीमा पेशा ब्यक्तिगत नभई सामुहिक मेहनतबाट मात्र सफल हुने ब्यवसाय भएको र यसमा सम्बन्धित सम्पुर्ण पक्षरुको उत्तिकै भुमिका रहेतापनि ब्यवसायको अभिन्न अंगका रुपमा रहने एजेन्सी म्यानेजरहरुको अथक प्रयास र पेशा प्रतिको समर्पणबाट मात्र उत्कृष्ट नतिजा निकाल्न सकिन्छ।

हाकिमचोक शाखाबाट बीमा ब्यवसाय गर्दै आउनुभएका प्रथम एमडीआरटी धर्मेन्द्र जंग रायमाझी, एमडीआरटी हरु मुना आचार्य, ईन्दिरा दाहाल, सबिता कुमारी चौधरी, लालुमाया कुमाल, पार्वती शाह ठकुरी, समिता दराई, राजेन्द्र कुमार दराई, जानकी शाह श्रेष्ठ, बेद कुमारी तामाङ तथा नेपाल प्रथम करोडपती एजेन्सी म्यानेजर गंगा कुमारी कार्की, करोडपती एजेन्सी म्यानेजरहरु बिष्णु कुमारी कुँवर, मनोज चौलागाँई, तारा कुमाल लगायतका सक्षम लिडर हरुको उत्कृष्ट नतिजा यस सफलताको अर्को मुख्य कारण रहेको छ।

शाखा स्थापनाको पहिलो बर्षमा नै १ करोड भन्दा माथीको प्रथम बीमाशुल्क आर्जन गरेको यस शाखाले त्यस पछिका हरेक बर्षहरुमा सबैभन्दा बढी बीमाशुल्क आर्जन गर्दै आएको हालसम्म ३३ करोड भन्दा माथी छ । त्यसै गरी यस शाखाले हालसम्म ४,७०६ वटा बीमालेख तथा १३ सय भन्दा बढि अभिकर्ता, समेत आर्जन गरिसकेको छ । गत आर्थीक बर्षमा शाखाले अघिल्लो बर्षाको भन्दा ३५ प्रतिशत ब्यवसाय बृद्धि गर्न समेत सफल भएको छ।

# बिजनेस एक्सिलेन्स अर्वाड नाइट २०२५ सम्पन्न



काठमाडौं । आई. एम. ई. लाइफ इन्स्योरेन्सले आर्थिक बर्ष २०८१।८२ मा उत्कृष्ट व्यबसाय गर्ने कम्पनीमा आबद्ध अभिकर्ताहरुलाइ पोखरामा आयोजित "बिजनेस एक्सीलेन्स अवार्ड नाइट २०२५ (बीन-२०२५)" "Business Excellence Award Night २०२५(BEAN-२०२५)" मा भव्यरुपमा सम्मान गरेको छ।

पोखरा ग्राण्डमा आयोजित सो समारोहमा कम्पनीका सञ्चालक समितिका सदस्यहरु, प्रमुख कार्यकारी अधिकृत, नावय प्रमुख कार्यकारी अधिकृतहरु, चिफ मार्केटिङ अफिरहरु , प्रदेश प्रमुखहरु र कम्पनीका कर्मचारीहरुको सहभागितामा उक्त अवार्ड समारोह सम्पन्न गरेको हो।

कम्पनीका अभिकर्ताहरूको व्यबसायीक उत्कृष्टता, समर्पण र निरन्तरताको कदरस्वरुप उक्त विषेश कार्यक्रम आयोजना गरिएको थियो । स्वदेशि उधोगहरुलाई प्रवर्द्धन गर्ने उद्देश्यले अभिकर्ताहरूलाई नेपालमै निर्मित स्वदेशि आखिझ्याल शैलिका विशेष अवार्ड प्रदान गरिएको थियो।

कार्यक्रममा आई.एम.ई. लाइफका प्रमुख कार्यकारी अधिकृत पवन कुमार खड्काले कम्पनीले प्राप्त गरेको सफलता सम्मान र अवार्डहरु अभिकर्ता र कर्मचारी साथिहरूको निरन्तर सहकार्य प्रतिफल भएको र भविष्यमा अझ प्रगतिशील, प्रविधिमैत्री, बीमित र अभिकर्ता केन्द्रित सेवाहरू सञ्चालन गर्दै लैजाने ब्यहोरा उदघोष गरि उक्त समारोहको समापन गरिएको थियो।

# यामाहा नेपालद्वारा वार्षिक डिलर मिट आयोजना




काठमाडौं। यामाहा नेपालले 'ब्लूराइज-वी राइज एज वान' भन्ने मूल नाराका साथ वार्षिक डिलर मिट २०२५ सम्पन्न गरेको छ। एकता, सहकार्य र सफलताको साझा यात्रालाई एकसाथ मनाउन आयोजित यस दुई दिने जमघटमा नेपालभरिबाट आएका ९० भन्दा बढी डिलरहरू, यामाहा टिमका सदस्यहरू र विशिष्ट अतिथिहरूले सहभागिता जनाएका थिए। पहिलो दिनको कार्यक्रम सेल्स र मोटिभेसनमा केन्द्रित रह्यो। सौरभ लोहनीले सेल्स एन्ड बिजनेस ट्रेनिङ सेसन सञ्चालन गरेका थिए। दोस्रो दिनको कार्यक्रममा यामाहा ब्रान्डको सामूहिक शक्ति र एकता झल्काउने कुराहरू मुख्य हाइलाइटका रूपमा देखिएका थिए। कार्यक्रम एमएडब्लू राइड्सका सीईओ तथा कार्यकारी निर्देशक दीपककुमार अग्रवालको सम्बोधनबाट सुरु भएको थियो।

# एनआईसी एशिया बैंकका ग्राहकलाई लेट मेइन र कोरियन प्रोडक्टमा छुट




काठमाडौं । एनआईसी एशिया बैंकका ग्राहक महानुभावहरुलाई काठमाडौं नयाँ बानेश्वर, महाराजगञ्ज र पोखरास्थित चिप्लेढुंगामा सञ्चालित कोरियन स्किन हस्पिटल लेट मेइनमा विभिन्न सेवाहरुमा विशेष छुट उपलब्ध गराउने सम्बन्धमा सम्झौता भएको छ । यस सम्झौतापछि यस बैंकका ग्राहक महानुभावहरुले लेट मेइनमा सेवा लिई डिजिटल भुक्तानी गर्दा १० प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन्।

ग्राहक महानुभावहरुले यस कम्पनीले उपलब्ध गराएका विभिन्न सेवाहरु (Hair transplant, Facial, Anti–aging treatment, Scar treatment, Acne treatment, Hyperbaric oxygen therapy) मा १० प्रतिशत र कोरियन उत्पादनहरुमा ८ प्रतिशतको छुट सुविधा उपभोग गर्न सक्नेछन्।

यस सुविधाको उपभोग गर्न ग्राहक महानुभावहरुले यस बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड वा प्रिपेड कार्ड प्रयोग गरी वा मोबैंक एपमार्फत भुक्तानी गर्नुपर्ने छ । लेट मेइनसँगको यस सहकार्यले ग्राहक महानुभावहरुलाई विशेष छुट उपलब्ध हुनुको साथै मुलुकको डिजिटल भुक्तानी सेवालाई प्रवर्द्धन गर्न सहयोग पुग्ने बैंकले विश्वास लिएको छ।

# सिटिजन्स सदाबहार योजनाको इकाई बाँडफाँड



काठमाडौं । सिटिजन्स म्युचुअल फण्ड अन्तर्गत सिटिजन्स बैंक ईन्टरनेसनल कोष प्रवर्द्धक तथा सिटिजन्स क्यापिटल योजना व्यवस्थापक रहेको प्रथम खुलामुखी योजना सिटिजन्स सदाबहार योजनाको इकाई बाँडफाँड भएको छ।

नेपाल धितोपत्र बोर्डबाट संचालन अनुमति प्राप्त भई असार १३ गते देखि २७ गते सम्म इकाई सार्वजनिक रुपमा निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा सि-आश्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु मार्फत माग गरिए भन्दा अधिक मात्रामा दरखास्त प्राप्त भएको थियो।

उक्त निष्कासनमा प्राप्त आवेदकहरुको विवरण अनुसार बाँडफाँड समितिको बैठकले तयार पारेको बाँडफाँड तालिका नेपाल धितोपत्र बोर्डमा पेश गरिएकोमा धितोपत्र बोर्डबाट कुनै कै फियत तथा निर्देशन प्राप्त नभएकोले सोहि तालिकालाई अन्तिम रुप दिइ धितोपत्र बोर्डको धितोपत्र निष्कासन तथा बाँडफाँड निर्देशिका, २०७४ बमोजिम बिहीबार बाँडफाँड गर्ने कार्य सम्पन्न भएको छ।

योजना व्यवस्थापक सिटिजन्स क्यापिटल लिमिटेडको कार्यालय डिल्लिबजार, काठमाण्डौंमा योजना व्यवस्थापकका प्रतिनिधिहरु, कोष प्रवर्द्धकका प्रतिनिधि, सिडिएस एण्ड क्लियरिङ्ग प्रतिनिधि तथा केही लगानीकर्ताहरुको उपस्थितिमा बाँडफाँड गर्ने कार्य सम्पन्न भएको छ।

# लिपमोटर बी१० को स्निक प्रिभ्यू




काठमाडौं । नेपालमा लिपमोटर गाडीहरूको आयातकर्ता सांग्रिला मोटर्स प्रालिले लिपमोटर बी १० को 'स्निक प्रिभ्यू' कार्यक्रम आयोजना गरेको छ। यस कार्यक्रममा केही मिडिया प्रतिनिधि र अटो पारखीहरूले यो प्रतिक्षित इलेक्ट्रिक गाडीको पहिलो झलक पाउने अवसर पाए।

यसले स्मार्ट डिजाइन, आधुनिक सुविधाहरू र सहज प्रदर्शनका कारण पहिले नै चर्चा बटुलिरहेको छ। नेपालमा पहिलो पटक भित्र्याउन लागिएको लिपमोटर बी १० ले विद्युतीय सवारीसाधनको क्षेत्रमा नयाँ मापदण्ड स्थापित गर्ने विश्वास गरिएको छ। ६७.१ केडब्लूएच ब्याट्रीसहितको यो मोडेलले एकपटक चार्ज गर्दा ४६० किमीसम्मको रेञ्ज दिन्छ।

स्निक प्रिभ्यू कार्यक्रममा आएका अतिथिहरूले गाडीको आकर्षक डिजाइन, स्मार्ट फिचरहरू र उत्कृष्ट ड्राइभिङ प्रत्यक्ष अनुभव गर्न पाए। यसले नेपाली ईभी बजारमा नयाँ स्तर स्थापना गर्ने अपेक्षा गरिएको छ।

# कजारियाको नयाँ शोरूम काभ्रेको बनेपामा उद्घाटन

काठमाडौं । भारतको नम्बर १ टायल कम्पनी, कजारियाले नेपालमा आफ्नो उपस्थिति अझ मजबुत बनाउँदै बनेपा, काभ्रेपलान्चोकमा अत्याधुनिक शोरूम उद्घाटन गरेको छ। बनेपा मार्भल प्यालेस द्वारा सञ्चालित यस शोरूमले उच्च गुणस्तरका टायलहरूको बढ्दो मागलाई पूरा गर्ने लक्ष्य राखेको छ।

उद्घाटन समारोहमा प्रमुख अतिथिको रूपमा बनेपा नगरपालिका प्रमुख श्री शान्ति रत्न शाक्य ज्यूको उपस्थिति रहेको थियो। साथै, कजारिया रमेश टाइल्स लिमिटेडका राष्ट्रिय सेल्स प्रबन्धक अभ्यास भुषण तिवारीको उपस्थितिले कार्यक्रमलाई थप गौरवमय बनायो। यस अवसरलाई विशेष बनाउन, प्रमुख अतिथिले रिबन काटेर यस बढाउँदै नेपालका निर्माण सामग्रीको क्षेत्रमा आफ्नो नेतृत्वलाई बलियो बनाउँदै छ। प्रिमियम टाइल्सलाई नेपालभर सहजै उपलब्ध गराउने आफ्नो लक्ष्यलाई निरन्तरता दिँदै यो शोरुमको शुभारम्भ कजारियाको लागि महत्वपूर्ण उपलब्धि हो।

कजारिया रामेश टाइल्स लिमिटेडले नेपालकै सबैभन्दा ठूलो टाइल उत्पादन प्लान्ट स्थापना गरेर नेपालको टायल उद्योगमा नयाँ कीर्तिमान स्थापित गरेको छ। विश्वस्तरीय मापदण्ड अनुसार तयार गरि अत्याधुनिक प्रविधिद्वारा निर्मित काजारिया रामेश टाइल्स लिमिटेडले आधुनिक सजावटका बदलिँदो रुचिहरूलाई ध्यानमा राख्दै ३,००० भन्दा बढी विशेष डिजाइन




महत्वपूर्ण विस्तारको शुभारम्भ गरे ।

समारोहलाई सम्बोधन गर्दै अध्यक्ष शान्ति रत्न शाक्यले नयाँ शोरूमको उद्घाटनप्रति आफ्नो उत्साह व्यक्त गरे। उनले भने, "कजारिया जस्तो प्रतिष्ठित ब्रान्ड बनेपामा आउनु हाम्रो शहरका लागि गर्वको कुरा हो। यस नयाँ शोरुमले हाम्रो क्षेत्रमा बढ्दो सम्भावनाको प्रतिबिम्ब देखाउँछ र स्थानीय समुदायको गुणस्तरीय पूर्वाधार तथा डिजाइन आवश्यकतामा महत्वपूर्ण योगदान पुऱ्याउनेछ।"

बनेपाको प्रमुख क्षेत्र उग्रचण्डी पेट्रोल पम्प पछाडि अवस्थित यो नयाँ शोरुमले प्रिमियम टायलहरूको विस्तृत संग्रह प्रदान गर्दछ, जसले ग्राहकहरूलाई सजिलो पहुँच र सुविधा सुनिश्चित गर्दछ। यसको विस्तारसँगै, कजारिया उच्च गुणस्तर र डिजाइनका नयाँ मापदण्डहरू सेट गर्ने आफ्नो मिशनलाई निरन्तर अघि विकल्पहरू प्रस्तुत गर्दछ। नेपालभर ४५ भन्दा बढी एक्सक्लुसिभ शोरूमहरू र १०० भन्दा बढी भरपर्दो डिलरहरूको बढ्दो नेटवर्कको साथ, कजारिया प्रिमियम टाइल्सको क्षेत्रमा एक परिचित नाम बन्न सफल भएको छ। कजारियाले विभिन्न प्रकारका ग्लेज्ड भिट्रीफाइड टाइल्स (६०x१२० सेमी, ६०x६० सेमी, १९.५x१२० सेमी), हेभी ड्युटी ग्लेज्ड भिट्रीफाइड टाइल्स (४०x४० सेमी) र सिरामिक वाल टाइल्स (३०x६० सेमी, ३०x४५ सेमी) उपलब्ध गराउँछ। यी सबै टायलहरू जलप्रतिरोधी तथा दाग प्रतिरोधी छन्, जसले कुनै पनि स्थानका लागि उत्कृष्ट टिकाउपन र दीर्घकालीन प्रदर्शन सुनिश्चित गर्दछ। गुणस्तर, टिकाउपन र नविन डिजाइनमा केन्द्रित रहँदै, कजारिया नेपालमा लक्जरी जीवनशैलीको नयाँ मापदण्ड स्थापित गर्दै अघि बढिरहेको छ।

# होण्डा डिओ १२५ले उपल्लो डोल्पामा बनायो नयाँ कीर्तिमान




काठमाडौं । नेपालको सवारी साधन इतिहासमै पहिलो पटक कुनै स्कूटरले ५३०० मिटर उचाइमा अवस्थित ज्याङला पास (उपल्लो डोल्पा) सम्मको साहसिक यात्रा सफलतापूर्वक सम्पन्न गरेको छ। यो कीर्तिमानी यात्रा नेपाल एठ्ठ वन्डर टोलीले स्याकार ट्रेडिङ कम्पनी प्रा.लि. को सहकार्यमा होण्डा डिओ १२५ स्कूटर मार्फत सम्पन्न गरेको हो । शहरी यात्राका लागि निर्मित स्कूटरले हिमाली भूपरिधिमा प्रवेश गरेर देखाएको प्रदर्शनीले नेपाली मोटर यात्राको सीमालाई नै पुनः परिभाषित गरिदिएको कम्पनीको भनाई छ। काठमाण्डौदेखि डोल्पासम्मको यात्रा, जोमसोम, भेरोल, धो तराप हुँदै ज्याङला पाससम्म पुगेको यो मार्ग सहज थिएन। यात्रामा लगातार उकालो, ढुंगे बाटाहरू, खोला र बगर पार गर्दै, अक्सिजनको न्यूनता झेल्दै होण्डा डिओ १२५ ले कुनै ठूला यान्त्रिक समस्या विना यो यात्रा सम्पन्न गरेको हो।

यस असाधारण सफलता, स्कूटरमा समावेश १२३.९२ सीसी बीएस सिक्स इन्जिन, ईन्ह्यान्स्ड स्मार्ट पावर (ईएसपी), साइलेन्ट स्टार्ट विथ एसीजी, आईडेलिंग प्रणाली, कम्बाइन्ड ब्रेकिंग सिस्टम (सीबीएस) लगायतका अत्याधुनिक प्रविधिको परिणाम भएको कम्पनीको भनाइ छ । साथै, टेलिस्कोपिक फ्रन्ट सस्पेन्सन, थ्री-स्टेप एड्जस्टेबल रियर सस्पेन्सन, डिजिटल मिटर, यूएसबी चार्जिङ पोर्ट, र ठूलो बुट स्पेस जस्ता फिचरहरूले लामो र चुनौतीपूर्ण यो यात्रालाई सहज बनाएको नेपाल एठ्ठ वन्डरले जनाएको छ।

नेपाल एट्थ वन्डर टोलीका अनुसार, यो यात्रा केवल स्कूटरको क्षमता परीक्षण मात्र थिएन, यो एक प्रेरणादायी सन्देश पनि हो । तिनले भने, "यदि तपाईंको साथमा सही सोच, समर्पित टोली र एक भरोसायोग्य सवारी छ भने, कुनै पनि दुर्गम गन्तव्य टाढा हुँदैन। " तिनका अनुसार, यो यात्रा नेपाली मोटरिंग इतिहासकै एक प्रेरक अध्याय बन्न पुगेको छ । होण्डा डिओ १२५ अब केवल सिटी स्कूटर नभएर, गन्तव्य भन्दा पर पुग्न तयार 'मिशन कम्प्लीट' सवारी प्रमाणित भएको छ।

स्याकार ट्रेडिङ कम्पनी प्रा.लि., विगत ५७ वर्षदेखि जापानको होण्डा मोटर कम्पनीको नेपालका लागि आधिकारिक वितरक हो । स्याकार ट्रेडिङ कम्पनी प्रा.लि.,ले यो सफलतालाई नेपाली भूगोल, साहसिकता र होण्डाको विश्वस्त इन्जिनियरिङको सम्मिश्रणका रूपमा लिएको छ । कम्पनीले भविष्यमा पनि नेपाली सडक, मौसम र यात्राको आवश्यकता अनुसार उच्च गुणस्तरीय सवारी साधन निरन्तररुपमा उपलब्ध गराउदै जाने प्रतिबद्धता दोहोऱ्याएको छ।

# हिमालयन लाइफद्वारा राउटे समुदायलाई कपडा सहयोग

काठमाडौं । हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेडले एक कार्यक्रम आयोजना गरी डडेलधुरा जोगबुढा ,पर्शुराम नगरपालिका ४ रज्युडीमा लोखुन्मुख फिरेन्ते जातिको रुपमा चिनिने राउटे समुदायको ५२ परिवारका २३२ सदस्यलाई ट्र्याक सुट र टिसर्ट बितरण गरेको छ। डडेलधुरा उप प्रादेशिक प्रमुख टेक राज आचार्यको प्रमुख अथित्यतामा सम्पन्न उत्त कार्यक्रम वाड न ४ अध्यक्ष बीस राम सिङ्ह बोहरा तथा अन्य सदस्यको रहोबरमा सम्पन्न गरिएको हो। कार्यक्रममा वडा अध्यक्ष बोहराले यस्ता कार्यक्रमले राउटे जातीलाई निकै हौसला पुग्ने एकै स्थानमा बस्ने वातावरण मिल्ने र बीमाप्रती समाजको सकारात्मक धाराणा निर्माण हुने बताउँदै कम्पनीलाई हार्दिक आभार सहित धन्यवाद पत्र समेत उपलब्ध गराए।

कार्यक्रमको विषयमा स्पष्ट पार्दै यो नितान्त सहयोगी र परोपकर भवानाले सस्थागत सामाजिक उत्तरदायित्व को रुपमा हरेक बर्ष हिमालय लाइफले यस्ता काम गर्दै आइउरहेको,गत बर्ष पनि पहाडका विभिन्न जिल्लामा ज्याकेट बितरण गरेको , खाद्यान्न,फलफुल बितरनण गरेको र आउने दिनहरुमा पनि यस्ता कार्यक्रम हुँदै जाने सस्थाको प्रदेश उप प्रमुख टेक राज आचार्यले बताए । अब राउटे जातीले पनि भबिस्यको बारेमा सोच्नपर्छ ,बचतको बानी बस्ल्नुपर्ने र आफ्ना साना नानी बाबुलाई बिधालय मा पठन पाठनको लागि पठाउने गर्नुपर्छ भन्दै बीमाको महत्व र औचित्यको बारेमा आफ्ना धारणा राखे।

# सिद्धार्थ बैंक कर्मचारी सञ्चय कोषमा आबद्ध



काठमाडौं । कर्मचारी सञ्चय कोष र सिद्धार्थ बैंक लिमिटेडबीच बैंकमा कार्यरत कर्मचारीहरुको सञ्चय कोष रकम कर्मचारी सञ्चय कोषमा जम्मा गर्ने गरी सम्झौता भएको छ । सम्झौता अनुसार, यसै आर्थिक वर्षदेखि बैंकमा कार्यरत सबै कर्मचारीहरुको कोषकट्टी रकम नियमित रुपमा कर्मचारी सञ्चय कोषमा जम्मा हुनेछ । साथै, बैंकबाट कोषलाई हाल हस्तान्तरण गरिएको रकम रु १,५८,३०,१८,२१७.२० समेत सञ्चय कोषले व्यवस्थापन गर्नेछ। सिद्धार्थ बैंकमा हाल १,९५५ जना कर्मचारीहरु कार्यरत रहेका छन्। सम्झौतामा कर्मचारी सञ्चय कोषको तर्फबाट सञ्चयकर्ता सेवा विभागका प्रमुख सागर कुमार सिंह र सिद्धार्थ बैंकको तर्फबाट बैंकका नायब महाप्रबन्धक सुरेश राज महर्जनले हस्ताक्षर गरे।

सम्झौता पश्चात् बैंकका कर्मचारीहरुले कर्मचारी सञ्चय कोषका अन्य सञ्चयकर्ता सरह कोषबाट प्रदान हुने सुविधाहरु समेत उपयोग गर्न सक्ने छन्। बैंकका कर्मचारीहरुले नियमानुसारको अवधि तथा प्रकृया पूरा गरी कोषबाट सहुलियत ब्याजदरमा विशेष सापटी, घर सापटी, शैक्षिक सापटी, घर मर्मत सापटी, जग्गा खरिद सापटी र सरल सापटी लगायतका सुविधा उपयोग गर्न सक्नेछन् । यस्तैं कोषले सञ्चयकर्तालाई कुनै व्ययभार नपर्ने गरी कोषको आफ्नै स्रोतबाट सञ्चयकर्ताहरूलाई विभिन्न सामाजिक सुरक्षा सुविधा समेत उपलब्ध गराउँदै आएको छ । जसअनुसार, साधारण रोगको उपचारको लागि वार्षिक रू. १ लाखसम्म र कडा रोगको लागि सेवा अवधिभरमा रू. १० लाख सम्म शोधभर्ना प्रदान गर्ने गरिएको छ। दुर्घटना क्षतिपूर्ति बापत रू. २ लाखसम्म तथा काजकिरिया अनुदान रू. ४० हजार निजका हकवालाले प्राप्त गर्ने गरेका छन्। कोषले सुत्केरी तथा शिशु स्याहार सुविधा अन्तर्गत प्रति प्रसूती बढीमा दुई पटकसम्म रू. ७ हजार ५ सय समेत प्रदान गर्दै आएको छ।

कर्मचारी सञ्चय कोषमा हालसम्म ५९१ बैंक तथा वित्तीय संस्थाहरु आबद्ध भइसकेका छन् । कूल ८१,६५० कार्यालयका ५,७९,००० सञ्चयकर्ताहरुको सञ्चय कोषको व्यवस्थापन सञ्चय कोष मार्फत भइरहेको छ । साथै, ४,२ ९० कार्यालयका ९५,७७३ योगदानकर्ताहरुको योगदानमा आधारित निवृत्तभरण कोषको व्यवस्थापन समेत कोषले गर्दै आइरहेको छ।

नेपाल सरकारले आर्थिक ऐन, २०८२ मा संशोधन गरी साविकमा आन्तरिक राजस्व विभागबाट स्वीकृत प्राप्त अवकाश कोषहरू कर्मचारी सञ्चय कोष जस्ता अवकाश कोषमा आबद्ध हुनु पर्ने व्यवस्था गरेसँगै बैंक तथा वित्तीय संस्थाहरु कर्मचारी सञ्चय कोषमा आबद्ध हुने क्रम बढ्दै गएको छ।गत असार ३१ गते आन्तरिक राजस्व विभागले एक सूचना जारी गरी आर्थिक ऐन, २०८२ को दफा २३ मा आयकर ऐन, २०५८ बमोजिम साविकमा आन्तरिक राजस्व विभागबाट स्वीकृत प्राप्त अवकाश कोषहरू २०८३ साल असार मसान्तभित्र कर्मचारी सञ्चय कोष लगायतमा अनिवार्य आबद्ध हुनु पर्ने व्यवस्थाको जानकारी गराएको थियो।


# सूचना ! सूचना !! सूचना !!!

**व्यक्तिगत घटना दर्ता (जन्म, मत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं।**

- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिक को परिचय दिऔं।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं। बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं। लैगिक हिंसाि( वरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं। सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।
- हुरीबतास चलेको समयमा खुल्ला ठाउँमा आगो नबालौं। आगो बाल्दा होसियार रहौं, आगोको काम सकिएपछि राम्ररी निभाऔं। सलाई, लाइटरजस्ता अगो बाल्न प्रयोग हुने वस्तुहरू बालबालिकाहरूबाट टाढा र सुरक्षित स्थानमा राखौं।
- पेट्रोल, डिजेल, खाना पकाउने ग्यास, मट्टीतेल जस्ता प्रज्वलनशील पदार्थहरू सुरक्षित स्थानमा राखौं र होसियारी पूवर्क प्रयोग गरौं। चुरोट, बिडीका बलेका ठुटा जथाभाबी नफालौं तथा घर बाहिर जानै परे आगो निभाएर मात्रै जाउँ।
- चोरी सिकारी गर्ने क्रममा समेत वनमा आगलागी हुने गरेकोले आगो र चोरी सिकारी गर्नेलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन बमोजिम १५ हजार रूपैयाँदेखि १० लाख रूपैयाँसम्म जरिवाना वा तीन महिनादेखि १५ वर्षसम्म कैद वा दुवै सजाय हुने भएकाले यस्तो कार्य कसैले पनि नगरौं, नगराऔं।
- वैदेशीक रोजगारीमा जानै परे सिप सिकेर मात्रै जाउँ। घर, गाउँ तथा नगरलाई स्वच्छ, सफा र हराभरा बनाउन सहयोग पुऱ्याई सभ्य समाजको निर्माणमा जुटौं।
- धुम्रपान तथा सूर्तिसेवनको प्रयोग नगर्ने। धुम्रपान गर्ने ब्यक्तिलाई हृदयघातको खतरा लगभग ३ गुणा बढी हुन्छ। धुम्रपान तथा सुर्तिसेवन त्यागेकै दिन देखि हृदयघातको सम्भावना घट्दै जान्छ युवावस्था देखि नै धुम्रपान गर्ने ब्यक्तिलाई हृदयघातको खतरा अत्यन्त धेरै हन्छ।

**विकास निर्माण कार्यमा सहभागिता जनाऔं।**

बुढानिलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कायार्लय
काठमाडौं, बागमती प्रदेश, नेपाल



# भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना

**नेपालमा हालसम्म विकास गरिएका धेरैजसो सिंचाइ योजनाहरुमा मझौला तथा साना नदीहरुको पानी उपयोग गरिएका र वर्षात्मा थप पानी उपलब्ध गराउने (Monsoon Supplement Irrigation System) प्रकृतीका छन्। यी नदीहरुमा सुख्खा समयमा धेरै नै कम पानी हुनेहुनाले आवश्यक मात्रामा पानी उपलब्ध नभएबाट विकसित सिँचाइ प्रणालीहरुमा बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध हुन सकिरहेको छैन्। जसले गर्दा कृषि उत्पादनमा उल्लेखनीय वृद्धि नभएको अवस्था छ। नेपालका हिमनदी स्रोत भएका नदीहरुको पानीलाई मझौला नदीहरुमा स्थानान्तरण गर्न सकिएमा विकसित सिंचाइ प्रणालीहरूको पूर्ण रुपमा उपयोग गरी कृषि उत्पादनमा वृद्धि भै मुलुकमा खाद्यान्न संकटको समस्या समाधान गर्न सकिने देखिन्छ। यस्तो प्रयास स्वरुप नै नेपालमा सिंचाइ विभागबाट पहिलो बहुउद्देश्यीय आयोजना 'भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना' को कार्यान्वयन प्रक्रिया तिव्र गतिमा आघि बढाइएको छ। यस आयोजना अन्तर्गत सुर्खेत जिल्लाको भेरीगंगा ननगरपालिकाको चिप्लेस्थित भेरी नदीमा ११४ मीटर लामो ब्यारेजसहित १५८ मीटर डिसेन्डीङ्गबेसिन र टनेल पोर्टलको निर्माण गरिनेछ। साथै ४.२ मीटर व्यास र १२.२ कि. मी. लामो सुरुङमार्फत ४० घनमिटर प्रति सेकेण्ड पानी बबई नदीमा खसालिने छ। करीव १५३ मिटर हेडको उपयोग गर्दै २३.४ मे.वा. क्षमताका दुइवटा टर्वाइनबाट ४६.८ मेगावाट विद्युत उत्पादनको क्षमताको विद्युत गृह निर्माण गरी करिव ४०० गिगावाट आवर विद्युत उत्पादन गरिनेछ। आयोजना सम्पन्न भएपछि बबई नदीमा उपलब्ध हुने थप पानीबाट बबई हेडवर्क्सको उपयोग गर्दै बर्दिया र बाँके जिल्लाका करीव ५१,००० हेक्टर भूमिमा बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध हुनेछ। नेपालमा पहिलो पटक Tunnel Boring Machine (TBM) प्रयोग गरी सुरुङ निर्माण गरिएको यो आयोजनाले नेपालमा प्रविधि विकासमा ठूलो फडको मारेको छ। आयोजना विकासको लागि आयोजना कार्यालय वीरेन्द्रनगर, सुर्खेतमा मिति २०६/०५/०७ मा स्थापना गरी निर्माण कार्य आ.व. २०७१-०७२ मा थालिएको हो। संशोधित समय तालिका अनुसार आर्थिक वर्ष २०८४-०८५ मा सम्पन्न गर्ने लक्ष्य छ।**

**आयोजनाको हाल सम्मको प्रगति**

| | |
|---|---|
| आर्थिक वर्ष | : २०८१/०८२ |
| आयोजना शुरु मिति | : २०७१/०७२ (निर्माण शुरु) |
| आयोजना पूरा हुने मिति | : आर्थिक वर्ष २०८४/०८५ |
| यस अवधिको बजेट | : रु. ३११६.४५ (बजेट रु. लाखमा) |
| यस अवधिको खर्च बजेट | : रु. ३६४४.१६ (बजेट रु. लाखमा) |
| यस अवधिको खर्च प्रतिशत | : ११६.९३ प्रतिशत |
| शुरुदेखि यस अवधिसम्मको कुल खर्च प्रतिशत | : ५१.०५ प्रतिशत (कुल लागतको तुलनामा) |

आयोजना प्रमुख रणबहादुर बम

# प्राविधिक सहमति विना जलस्रोतको उपयोग गरे पाँच लाखसम्म जरिवाना

चेत नारायण पाण्डेय / काठमाडौं



जल तथा ऊर्जा आयोगबाट प्राविधिक सहमति विना जलस्रोतको उपयोग, विकास तथा जलस्रोतसम्बन्धी कार्य गरेमा पाँच लाखसम्म जरिवाना लाग्ने भएको छ । राष्ट्रियसभा अन्तर्गतको विधायन व्यवस्थापन समितिमा बिहीबार भएको दफावार छलफलका क्रममा जलस्रोत विधेयकमा उक्त व्यवस्था गरिएको जनाइएको हो । नेपालका कुनै पनि जलस्रोतको उपयोग, विकास तथा जलस्रोत सम्बन्धी कार्य गर्न प्रचलित कानुन बमोजिम जलस्रोत तथा ऊर्जा आयोग मार्फत प्राविधिक अनुमति लिनुपर्ने हुन्छ । तर अब आयोगबाट उक्त प्राविधिक अनुमति नलिए कारबाही सहित जरिवानाको व्यवस्था जलस्रोत विधेयकमा समावेश गर्न लागिएको छ।

समितिमा जलस्रोत विधेयकको दफावार छलफलका क्रममा सांसदहरूले कसुर र सजायको व्यवस्थामा विशेष चासो देखाउँदै कसुरको प्रकृति र सजायबिच अनुपात मिलाउनुपर्नेमा जोड दिए। समितिको छलफलमा बोल्दै सांसद डा.बेदुराम भुसालले कसुरको प्रकृति र सजायबिच अनुपात मिल्नुपर्ने बताए । उनले भने- 'विधेयकमा कतिपय कसुरमा ५ लाख जरिवाना र १० वर्षसम्म कैदको व्यवस्था छ भने त्यस्तै प्रकृतिको अर्को कसुरमा ५ लाख जरिवाना तर तीन महिनादेखि तीन वर्षसम्म मात्र कैदको व्यवस्था गरिएको छ। यसले गर्दा सजायको अनुपात मिलेको देखिँदैन ।'

त्यसैगरी सांसद प्रमिला कुमारीले पनि विधेयकमा राखिएको जरिवाना र कैदको व्यवस्थामा एकरूपता हुनुपर्ने बताइन् । उनले एउटै कसुरमा फरक-फरक सजायको व्यवस्थाले अन्योल सिर्जना गर्ने उल्लेख गरिन् । उनले भनिन्, 'एउटै कसुरमा फरक-फरक सजायको व्यवस्थाले अन्योल सिर्जना गर्न सक्छ । त्यसैले यसलाई मिलाउन आवश्यक छ ।' सांसद शेखरकुमार सिंहले नदीको बहावमा असर पर्ने गरी कुनै पनि आयोजना सञ्चालन गर्न नहुने र तल्लो तटीय क्षेत्रका सिँचाइ आयोजनामा असर पर्ने गरी माथिल्लो क्षेत्रमा जलस्रोतको उपयोग गर्न नहुनेमा जोड दिए। उनले भने- 'सहमति नलिई जलस्रोतको प्रयोग गर्नेलाई कडा कारबाही हुनुपर्छ ।'

सांसद राजेन्द्रलक्ष्मी गैरेले विधेयकको दफा ३४ मा उल्लेखित कसुरको परिभाषा स्पष्ट हुनुपर्ने बताइन् । उनले भनिन् 'कानुनबमोजिम बाहेक कुनै पनि किसिमले क्षति पुऱ्याउने भनिएको छ, तर 'कानुन बमोजिम' भन्ने शब्दावलीले द्विविधा सिर्जना गर्न सक्छ ।' सांसद कृष्णबहादुर विश्वकर्माले पनि जरिवाना र सजायको व्यवस्थामा समानता हुनुपर्ने धारणा राखे । उनले भने, "५ लाख रुपैयाँ जरिवाना हुँदा १० वर्ष कैद र त्यही ५ लाख जरिवानामा तीन वर्षसम्म मात्र कैद हुने व्यवस्थाले न्यायको सिद्धान्त विपरीत हुनसक्छ ।'

छलफलमा सांसदहरूले जलस्रोतको संरक्षण, सुरक्षा र गुणस्तर कायम राख्ने विषयमा सरकार गम्भीर हुनुपर्नेमा जोड दिएका थिए। उनीहरूले जलस्रोतको उपयोग गर्दा हुने क्षतिपूर्ति र त्यसको मूल्याङ्कन प्रक्रियालाई पनि स्पष्ट पार्न माग गरेका छन् । सांसदहरूको धारणापछि बोल्दै ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका कानुन तथा फैसला कार्यान्वयन महाशाखाका सहसचिव जंगबहादुर डाँगीले विशेष कानुन भएकाले केही प्रावधान कडा राखिएको र अपराध संहितासँग तुलना गरेर व्यवस्था गरिएको तर्क प्रस्तुत गरे ।

उनले विधेयकको परिच्छेद १० मा रहेको कसुर र सजायसम्बन्धी व्यवस्था विशेष ऐन हो र यसमा भएका व्यवस्थाहरू आफैँमा कार्यान्वयनयोग्य हुनुपर्ने भएकाले यस्तो व्यवस्था गरिएको बताए । उनले भने- 'कसुरको गम्भीरता र त्यसले पार्ने असरको आधारमा सजायको व्यवस्था गरिएको हो । सामान्य प्रकृतिका कसुरमा १ हजारदेखि १ लाख रुपैयाँसम्म जरिवाना गर्ने अधिकार सचिवलाई दिने प्रावधान छ।'

एउटै कसुरमा ५ लाख रुपैयाँ जरिवानासहित १० वर्षसम्म कैद र अर्कोमा सोही जरिवानासहित तीन वर्षसम्म मात्रै कैदको व्यवस्थाले सजायको अनुपात नमिलेको विषयमा उनले केही कडाइ नै गर्ने गरी व्यवस्था गरिएको बताए । उनले अपराध संहितामा १ वर्ष कैद बराबर १० हजार रुपैयाँ जरिवानाको सामान्य सिद्धान्त रहेको तर विशेष कानुनमा सजाय बढी हुने अभ्यास रहेको बताए। उनले भने- 'प्राकृतिक सम्पदामाथिको अतिक्रमणजस्ता विषय अपराध संहिताको दफा १४९ र १५० मा पनि छन् । यो विधेयकका कतिपय प्रावधान तिनैसँग सम्बन्धित छन् ।'बिहीबार समितिले विधेयकको दफा ३० लाई छाडेर दफा ३१ देखि माथिका दफामा दफावार छलफल गरेको छ। शुक्रबार जलस्रोत विधेयकको महत्वपूर्ण र सबैतिर चर्चामा रहेको बाँध सुरक्षा सम्बन्धी छलफल हुने समितिले जानकारी दिएको छ।

## सिद्धार्थ व्यवस्थित लगानी योजनाको लाभांश घोषणा

काठमाडौं । सिद्धार्थ म्युचुअल फन्डअन्तर्गत सञ्चालित सिद्धार्थ व्यवस्थित लगानी योजनाको लाभांश घोषणा गरिएको छ। योजना व्यवस्थापक सिद्धार्थ क्यापिटलको आइतबार बसेको सञ्चालक समितिको बैठकले आर्थिक वर्ष २०८१।८२ का लागि लाभांश घोषणा गरेको हो। जसअनुसार उक्त योजनाका इकाइधनीहरुलाई करसहित ८ प्रतिशत नगद लाभांश वितरण गर्ने निर्णय गरिएको छ।

लाभांश वितरण प्रयोजनार्थ क्यापिटलले साउन ११ गते नै बुक क्लोज गर्ने निर्णय गरेको छ। यसको मतलब साउन ११ गतेभन्दा अघिसम्म कायम इकाइधनीहरुमात्रै यो योजनाको लाभांश पाउन योग्य भएका छन्। यो खुलामुखी योजना हो। यस योजनामा प्राप्त लाभांशबराबरको रकम पुनः यसै योजनाको इकाइ खरिद गरेर लगानी गर्न सकिन्छ। यसरी पुनः लगानी गरेको रकमबराबरको इकाइ सम्बन्धित इकाइधनीको हितग्राही खातामा जम्मा गरिने क्यापिटलले जनाएको छ। पुनः लगानी योजनामा सहभागी नहुने इकाइधनीको लाभांशबापतको रकम हितग्राही खातामा उल्लेखित बैंक खातामा जम्मा गरिने क्यापिटलले जनाएको छ।

## आइएमई मोटर्सले पायो 'बेस्ट सर्भिस प्रोभाइडर' अवार्ड

काठमाडौं । आइएमई मोटर्सले अशोक लेल्याण्ड ग्लोबल कन्फ्रेन्स २०२५ मा इन्टरनेशनल अपरेसन क्याटेगोरी अन्तर्गत 'बेस्ट सर्भिस प्रोभाइडर' अवार्ड पाएको छ। आइएमई मोटर्स र अशोक लेल्यान्डले साझेदारीको एक दशक पूरा गरिरहँदा यो अवार्ड प्राप्त गरेको हो। यो अवार्ड पाउनुले साझेदारीमा थप ऊर्जा भरेको र साझा दृष्टिकोण, पारस्परिक विकास र उत्कृष्ट सेवा प्रवाहमा थप ऊर्जा पुगेको आइएमई मोटर्सले जनाएको छ। यो अवार्डले ग्राहक सन्तुष्टि, प्राविधिक दक्षता र अन्तर्राष्ट्रिय स्तरको सेवा मापदण्डमा आइएमई मोटर्सले पुराएको योगदानलाई कदर गर्दै प्रदान गरिएको बताएको छ। आइएमई मोटर्सका सर्भिस प्रमुख मित्र कुमार श्रेष्ठले यो अवार्ड प्रत्येक टेक्निसियन र सर्भिस टिम सदस्यहरूको निरन्तर समर्पणको प्रतिफल रहेको बताए। उनले भविष्यमा पनि उत्कृष्ट सेवा प्रदान गर्न निरन्तर प्रतिबद्ध रहने बताए। आइएमई मोटर्सका कार्यकारी निर्देशक निशान ढकालले यो अवार्डबाट सम्मानित हुँदा आइएमई मोटर्सको उत्कृष्ट सेवा प्रदान गर्ने प्रतिबद्धतामा थप टेवा पुगेको बताएका छन् । आइएमई मोटर्सलाई निरन्तर सुधार र अन्तर्राष्ट्रिय मापदण्डअनुसार सेवा प्रवाह गर्न यो अवार्डले थप उत्साह थपेको उनले बताए। अशोक लेल्यान्ड नेपालका सर्भिस म्यानेजर अनुप कुमार स्वाईंले अशोक लेल्यान्डसँगको साझेदारीको १० वर्षको सफल यात्रा मनाउँदै गर्दा प्राप्त यो सम्मानले सहकार्यको मजबूत र उत्कृष्ट ग्राहक अनुभव प्रदान गर्ने साझा प्रतिबद्धतालाई झल्काएको बताए ।

## कर्णाली प्रदेश सरकारले शुरु गऱ्यो घर बीमा कार्यक्रमः

# पहिलो चरणमा १६ हजार घरको बीमा



सुर्खेत । कर्णाली प्रदेशले प्रदेशका विपद जोखिम क्षेत्रका स्थानीय तहरुमा घर बीमा कार्यक्रम लागू गरेको छ । पहिलो चरणमा पन्ध्र वटा स्थानीय तहका दुई सय १३ वडामा १६ हजार घरबीमा गरेको गरिएको हो। कर्णाली प्रदेश विपद्को उच्च जोखिममा रहेको र प्राकृतिक विपद् लगायतको भवितव्यको कारणबाट हुने क्षति र नोक्सानीको आर्थिक सुरक्षाको प्रत्याभूत गर्न कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष ०८१-०८२ को वार्षिक नीति तथा कार्यक्रम र बार्षिक बजेट घर बीमा कार्यक्रम ल्याएको थियो । सोही कार्यक्रम अन्तरगत प्रदेश सरकारले आजदेखी घर बीमा कार्यक्रम शुरु गरेको हो ।

कर्णाली प्रदेश प्राकृति विपद्को उच्च जोखिमको रहेको र यहाँका नागरिकले विपद्का कारण बर्षेनी जनधनको क्षति व्यहोर्नु परेको अवस्थालाई मध्यनजर गर्दै कर्णाली प्रदेशभित्र स्थायी बसोबास भएका नागरिकहरुको निजी आवासीय घरको प्राकृतिक विपद् लगायतको भवितव्यको कारणबाट हुने क्षति र नोक्सानीको आर्थिक सुरक्षाको प्रत्याभूत गर्न घर बीमा कार्यक्रम शुरुवात गरिएको आन्तरिक मामिला तथा कानून मन्त्रालयले जानकारी दिएको छ।

मन्त्रालयका अनुसार घर बीमा कार्यान्वयन गर्न घर बीमा कार्यक्रम सम्बन्धी कार्यविधि २०८१ गत फागुन १३ गते मन्त्रीपरिषदबाट स्वीकृत भएको थियो । कार्यविधि बमोजिम घर बीमा कार्यक्रममा आवद्ध हुन प्रदेशका स्थानीय तहलाइ सूचना गर्रिकोमा १० जिल्लाका २३ वटा स्थानीय तहले प्रतिबद्धतासहित प्रतिवद्धतासहितको पत्राचार गरेको मन्त्रालयका सचिव पुष्पराज शाहीले जानकारी दिए । उनका अनुसार कार्यविधिको दफा ३ ९४० बमोजिम नेपाल बिमा प्राधिकरणले छनौट गरि पठाएका २३ वटा स्थानीय तहमा २३ बटा बीमक कम्पनी खटाई निजी आवासको मूल्यांकन शुरु गरिएकोमा समयभित्र सम्बन्धित स्थानीय तहको सिफारिससहित विवरण पठाएका १५ वटा स्थानीय तहका १६ हजार ७२ घरको घर बीमा गरि पोलिसी जारी गरिएको हो ।

कार्यविधिको दफा ५ को २ बमोजिम प्रतिघर अधिकतमा २० लाखसम्मको मात्र प्रदेश सरकारले प्रिमियम व्योर्हने व्यवस्था रहेको र सो भन्दा माथि भए स्वयम धरधनीले व्यहोर्नुपर्ने जानकारी पनि सचिव शाहीले दिए । प्रिमियम वापत जम्मा रु ९८ लाख २४ हजार ८ सय ९३ भुक्तानी भएको पनि सचिव शाहीले बताए । यसैबीच आज आयोजित एक कार्यक्रममा कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कडेलले कर्णाली प्रदेश विपद्को उच्च जोखिमको क्षेत्र रहेकोले नागरिकको सम्पत्ति सुरक्षाको लागि घरबीमा कार्यक्रम शुरु गरिएको बताए । उनले थोरै रकममा नागरिकको सम्पत्ती सुरक्षा हुने हुँदा प्रदेश सरकारले नविनतम कामको थालनी गरेको जानकारी पनि दिए ।

घर बीमा जस्तै प्रदेशमा कृषि, पशु बीमा कार्यक्रमको प्रभावकारी सचालनको आवश्यकता औल्याउँदै मुख्यमन्त्री कडेलले सरकारले क्षतिपूर्ति दिने भन्दा बीमा कार्यक्रममार्फत सुरक्षा अपनाउने काममा अग्रसरता लिन स्थानीय तहलाई ध्यानाकर्षण गराए । उनले भने, 'थोरै रकमले नागरिकको बसोबासको सुरक्षा हुँदो रहेछ, क्षति भइसकेपछि सरकार गुहादै हिडनुभन्दा थोरै रकममा बीमा गराउने काममा तपाईहरु पनिले सचेतना फैलाउनुस ।'

कार्यक्रममा पालिकाहरुको तर्फबाट सल्यान शारदा नगरपालिकाका उपप्रमुख सुस्मिता सापकोटा, जाजरकोट बारेकोट गाउपालिकाका अध्यक्ष बीरबहादुर गिरी, सुर्खेत बराहताल गाँउपालिका अध्यक्ष भिमबहादुर भण्डारी, कालीकोट महाबै गाउँपालिकाका अध्यक्ष खेम सिहलगायतले कर्णाली प्रदेश जस्तो विपद जोखिमको प्रदेशमा घर बीमा कार्यक्रममले नागरिकको सुरक्षामा थप बल मिलेको बताए । उनीहरुले प्रदेश सरकारले थालनी गरेको कार्यक्रमलाई प्रभावकारी बनाउन पालिकाको तर्फबाट आवश्यक समन्वय गर्ने प्रतिबद्धता जनाए । मन्त्रालयका उपसचिव उत्तम गौतमले चालु आर्थिक वर्ष ०८२-०८३ मा घर बीमा कार्यक्रममा रु ३ करोड ५० लाख विनियोजन रहेको र आघिल्लो आर्थिक वर्ष घर बीमामा समावेश नभएका स्थानीय तहलाई चालु आर्थिक वर्षमा समावेश गरिनेछ ।

कार्यविधिको दफा ४ बमोजिम घर बीमालेखले भूकम्पबाट हुने क्षति, अग्नीजन्य, हावाजन्य, पानीजन्य, भूमिजन्य, खस्ने वा भासिने सम्बन्धी जोखिम, चटयाङगजन्य जोखिम, आकाशिय सामाग्रीजन्य जोखिम, धक्काजन्य जोखिम, स्वजलन सम्बन्धी जोखिम, बाढी तथा डुवावानबाट क्षतिग्रस्त घर, हुलदंगा तथा आतंकवादजन्य जोखिम तथा अन्य प्राकृतिक विपद्को कारणले क्षतिग्रस्त घर समेटने उल्लेख छ ।